नौलो घुम्ती नेपाल



वार्षिक प्रगति प्रतिवेदन २०८१/०८२

पोखरा-१७, सीतापाईला, कास्की
फोन: ०६१-४०२०७०/७१
ईमेल : nauloghumti@ngn.org.np । वेवसाईट : www.ngn.org.np

विषयसूची

नौलो घुम्ती नेपालको संक्षिप्त परिचय १

लागूपदार्थ परामर्श, उपचार तथा पुनस्थापना कार्यक्रम (महिला–पुरुष)..... ३

एकीकृत सामुदायिक विकास परियोजना ९

समुदायमा आधारित झोलुङ्गे पुल निर्माण कार्यक्रम २५

एचआईभी रोकथाम, हेरचाह, सहयोग, तथा उपचार सेवा कार्यक्रम ३०

आगामी वर्ष २०८२/०८३ का लागी प्रस्तावित कार्यक्रमहरू ३४

अनुसुचीहरू

अनुसुची १: कार्यसमिति तथा आजीवन सदस्यको नामावली ३५

अनुसुची २: बिभिन्न समितिको नामावली ३८

अनुसुची ३: कर्मचारीहरूको बिबरण ४०

आर्थिक प्रतिवेदन..... ४२

अध्यक्षको मन्तव्य



नौलो घुम्ती नेपालको २४ औं वार्षिक साधारण सभा तथा सामाजिक परीक्षणमा पाल्नु भएका प्रमूख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, विभिन्न सरकारी निकाय, संघ संस्थाबाट पाल्नु भएका कार्यालय प्रमुख, अध्यक्ष तथा प्रतिनिधिज्यूहरू, पत्रकारज्यूहरू नौलो घुम्ती नेपालका संस्थापक अध्यक्षज्यू, निवर्तमान अध्यक्षज्यू, पूर्व अध्यक्ष तथा सल्लाहकारज्यूहरू, उपाध्यक्षज्यूहरू, कार्यसमितिका सहकर्मी मित्रहरू, सम्मानित आजीवन सदस्यज्यूहरू, कार्यकारी निर्देशक लगायत सम्पूर्ण कर्मचारी मित्रहरू र उपस्थित अन्य महिला तथा सज्जनवृन्द सबैमा नौलो घुम्ती नेपाल र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु ।

संस्थाले आफ्नो २३ औं वर्ष पार गरी २४ औं वर्षमा प्रवेश गरेको छ । राष्ट्रिय स्तरमा विविध कार्यक्रमहरू सञ्चालन गरी आफ्नो पहिचान बनाउन सफल भएको यस संस्थामा स्थापनाकाल देखि विभिन्न पदमा संलग्न भई वर्तमान अवस्थामा अध्यक्षको हैसियतले यहाँहरू सामु उपस्थित भई केही कुराहरू राख्न पाएकोमा अत्यन्तै गौरवान्वित महसुस गरेको छु ।

नौलो घुम्ती नेपालको इतिहासलाई फर्केर हेर्दा International Nepal Fellowship (INF) ले सन् २००२ मा यस संस्थालाई एक गैरसरकारी संस्थाको रूपमा नागरिक समाजलाई हस्तान्तरण गरेको हो । सो वखत गठीत तदर्थ समितिमा संस्थापक अध्यक्ष एवं वरिष्ठ समाजसेवी श्री प्रेम बहादुर श्रेष्ठ, उपाध्यक्ष लालकुमारी गुरुङ्ग, सचिव हिमालय देव सिग्देल, सह सचिव सकुन सिंह रानाभाट, कोषाध्यक्ष योगराज पौडेल र सदस्यहरू रामप्रसाद ज्ञवाली, गृष्मकेशव पराजुली, डा. कपिलदेव उपाध्याय, रामराज के.सी, पदमराज पहारी, प्रकाश वाग्ले र सल्लाहकार समितिमा स्व. गणेश बहादुर गुरुङ्ग, रामकाजी वान्तवा, महेश गुरुङ्ग, डा. दिपेन्द्रकुमार गौतम, स्व. सुरेन्द्रकुमार गौतम, राजन अधिकारी, स्व. शाह बहादुर गुरुङ्ग रहनु भएको थियो । तत् पश्चात यस संस्थालाई स्व. सुरेन्द्र कुमार गौतम, इन्दिरा वराल, पदमराज पहारी, मेहरमान श्रेष्ठ, खड्ग बहादुर रानाभाट, योगराज पौडेल र बद्रीविनेद खनालले नेत्रृत्व प्रदान गरिसक्नु भएको छ । यस शुभ घडीमा हामी ती अग्रजहरूको योगदानलाई उच्च मूल्याङ्कन गर्दै स्मरण गर्न चाहन्छौं । स्थापनाकालमा यो संस्था निकै सानो अवस्थाबाट सुरु गरिएको थियो । त्यतिबेला लागु औषध प्रयोगकर्ताहरूलाई उपचार, परामर्श र पुनर्स्थापनाको कार्य गरेको यस संस्थाले २३ वर्षको अवधिमा २३ जिल्लाहरू (कास्की, तनहुँ, लमजुङ्ग, गोर्खा, स्याङ्जा, पर्वत, म्याग्दी, गुल्मी, अर्घाखाँची, रुपन्देही, कपिलबस्तु, चितवन, सर्लाही, झापा, मोरङ्ग, सुनसरी, काठमाण्डौं, ललितपुर, कैलाली, नवलपरासी, बर्दिया, महोत्तरी र मनाङ्ग) मा विभिन्न कार्यक्रम गरीसकेको अनुभव सँगालेको छ । यसै गरी युएनडिपि (UNDP), युएनओडिसि (UNODC), सेभ द चिल्ड्रेन (Save the Children), युरोपियन युनियन (European Union), इको कार्किनेक्सी (ICCO Kerkinactie Netherlands), डब्लु डब्लु एफ (WWF), यूएन ह्याविटेट (UNHABITAT), VSO लगाएतका दातृनिकायको सहयोगमा समाजका विपन्न र पछाडि परेका महिला, वालवालिका, युवा, समुदायमा एक उत्कृष्ट सामाजिक संस्थाको रूपमा स्थापित भएको कुरा सगर्व बताउन पाउदा हामीले गौरवान्वित महसुस गरेका छौं ।

दिगो विकास लक्ष्य प्रप्तिका लागि सवैको साझेदारी तथा पहल अहिलेको आवश्यकता हो । देशविकास र सामाजिक रुपान्तरणका लागि यो संस्था सधै नेपाल सरकार, प्रादेशिक सरकार, स्थानीय सरकार तथा समुदायसँग हातेमालो गर्दै अगाडि बढि रहेको र बढ्ने छ । नौलो घुम्ती नेपालले यस आर्थिक वर्षमा पुरुष तथा महिलाहरूका लागि लागूपदार्थ परामर्श, उपचार तथा पुनस्थापना कार्यक्रम, एचआईभी रोकथाम, हेरचाह, सहयोग, तथा उपचार सेवा कार्यक्रम (कास्की र तनहुँ) रहेकोमा बाग्लुङ्ग जिल्ला समेत सेवा विस्तार गर्न सफलल भएका छौं । सामुदायिक झोलुङ्गे पुल कार्यक्रम (कास्की र मनाङ्ग), टेबुल टेनिस फर न्यू लाईफ कार्यक्रम (पुनस्थापना केन्द्रका सेवार्थी लक्षित)

र एकीकृत सामुदायिक विकास कार्यक्रम मार्फत (कास्की जिल्लामा) शिक्षा, स्वास्थ्य तथा सरसफाई, बाल संरक्षण र जीविकोपार्जनका क्षेत्रमा विभिन्न सामाजिक परिवर्तनका कार्यक्रमहरू सञ्चालन गर्न सफल भएको छ ।

संस्थाको पोखारा १७ सितापाईला स्थित महिला लागूपदार्थ परामर्श, उपचार तथा पुनर्स्थापना केन्द्रको किचन मर्मत कार्यका लागि GNI Nepal बाट रु २ लाख, ITTF foundation बाट २ लाख १३ हजार ७ सय ५ र साहारा यू.के. तथा तमु धिं यू.के. बाट १० लाख सहयोग गरी पुर्‍याएको योगदानका लागि धन्यवाद ज्ञपन गर्दछु ।

त्यसै गरी अति विपन्न तथा आर्थिक अभावका कारण शिक्षाबाट बन्चित रहेका बालबालिकाहरूको शिक्षामा पहुँच अभिवृद्धि गर्ने उद्धेश्यले संस्थाकै पहलमा स्पोन्सरसीप कार्यक्रमको समेत निरन्तरता दिएका छौं । उक्त कार्यक्रमको सञ्चालनका लागि हिमालय बैंक, मुक्तिनाथ विकास बैंकका साथै संस्थाका कार्यसमिति पदाधिकारीहरू, सल्लाहकारहरू तथा आजीवन सदस्यहरू, साहारा यू.के., तमु धिं यू.के. का पदाधिकारिहरूले व्यक्तिगत रूपमा आर्थिक सहयोग गर्नुभएकोमा यहाँहरू सम्पूर्ण प्रति हार्दिक धन्यवाद तथा कृतज्ञता अर्पण गर्दछु । यसरी प्राप्त रकमबाट एक पूँजिकोष स्थापना गरी सो बाट आर्जित ब्याजबाट थप अति विपन्न र असाहय विद्यार्थीको शिक्षामा सहयोग उपलब्ध गराईनेछ ।

यी सबै कार्यक्रहरू सञ्चालनको लागि विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुर्‍याउनु भएका कार्य समिति सदस्यहरू, सल्लाहकार एवं आजीवन सदस्यज्युहरूको सहयोग पाएर नै हामीलाई अगाडि बढने प्रेरणा मिलेको र यो संस्था सामाजिक परिवर्तनको बाहकको रूपमा अगाडि बढीरहेको छ र बढिरहने कुरामा विश्वस्त छु । संस्थाको दिगोपनाका लागि हामीले चालेका हरेक पाइलाहरूमा सहयोग गर्नुहुने दातृ निकायहरू, सरकारी तथा गैर सरकारी संघ संस्थाहरू, प्रहरी प्रशासन, उद्योगपति, व्यवसायिहरू, समाजसेवी नागरिक समाज, टोल विकास संस्था, आमा समूहहरू, युवा क्लब कार्यसमिति, सल्लाहकार, चन्दादाता आजीवन सदस्य, संञ्चारकर्मी मित्रहरू, कर्मचारी मित्रहरू लगायत सम्पूर्ण आदरणीय महानुभावहरूमा संस्थाको तर्फबाट हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु । साथै आगामी दिनहरूमा पनि यहाँहरूबाट विगतमा जस्तै न्यानो माया, सद्भाव एवम् सहयोगको अपेक्षा राख्दछु ।

अन्त्यमा नौलो घुम्ती नेपालका गतिविधिहरूलाई प्रत्यक्ष र परोक्ष रुपमा सहयोग पुर्‍याउनु हुने साझेदार संस्थाहरू अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सरकार (United States Government/FHI 360), गुड नेवर इन्टरनेशनल (GNI), TBSU/PTAP, ITTF Foundation, जिल्ला समन्वय समिति कास्की, पोखरा महानगरपालिका, माछापुच्छ्रे गाँउपालिका, अन्नपूर्ण गाँउपालिका, मादी गाँउपालिका तथा मनाङ जिल्लाको चामे गाएँपाललिका, नार्पाभूमि गाउँपालिका र डिस्याङ गाउँपालिकाप्रति हार्दिक आभार एवं धन्यवाद ज्ञापन गर्दै हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने प्रमुख अतिथि, विशिष्ट अतिथि र सम्पूर्ण अतिथिज्यूहरू समेत सबैमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

सुरेन्द्र थापा मगर
अध्यक्ष
मितिः २०८२/०६/०८

संस्थाको संक्षिप्त प्रगति प्रतिवेदन



नौलो घुम्ती नेपालका अध्यक्ष एवंम् यस सभाका अध्यक्ष ज्यू,

नौलो घुम्ती नेपालको २४ औं वार्षिक साधारण सभा तथा सामाजिक परीक्षणमा पाल्नु भएका प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू, संस्थापक अध्यक्ष ज्यू, निवर्तमान अध्यक्ष ज्यू, पूर्व अध्यक्ष ज्यूहरू, विभिन्न सरकारी निकाय, संघ संस्थाबाट पाल्नुभएका प्रमुख तथा प्रतिनिधि ज्यूहरू, सल्लाहकार ज्यूहरू, उपाध्यक्ष ज्यूहरू, कार्यसमितिका सहकर्मी मित्रहरू, सम्मानीत आजीवन सदस्य ज्यूहरू, कार्यकारी निर्देशक लगायत सम्पूर्ण कर्मचारी मित्रहरू, पत्रकार ज्यूहरू र उपस्थित अन्य महिला तथा सज्जन वृन्द सबैमा नौलो घुम्ती नेपाल र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु ।

सन् १९९५ देखि परियोजनाको रूपमा परिचित नौलो घुम्ती नेपाल सन् २००२ मा आएर स्वतन्त्र गैर सरकारी सामाजिक संस्थाको स्वरुप लिई "नौलो घुम्ती नेपाल" नामले स्थापित हुन पुग्यो । स्थापनाको समयमा लागूपदार्थ प्रयोगकर्ताको आवासीय उपचार गर्ने केन्द्रको रूपमा रहेको र सोही बमोजिम आफ्ना कृयाकलाप सञ्चालन गर्दै आएकोमा सन् २००३ देखि यसले आफ्नो कार्यक्षेत्र विस्तार गर्दै अगाडि वढ्यो ।

सन् २००६ मा कार्यक्रमिक तथा भौगोलिक क्षेत्रहरू विस्तार गर्नुका साथै यसलाई संस्थागत बनाउन सफल भई सकेको छ । वर्तमान समयमा संस्थाले आफ्नो उद्देश्य अनुसारका कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । शिक्षा, स्वास्थ्य, बाल संरक्षण, खेलकुद, जीविकोपार्जन, झोलुङ्गेपुल निर्माण, शान्ति, सुशासन, मानव अधिकार र वातावरण संरक्षण जस्ता मुख्य कार्यक्रमिक विषय र सामाजिक समावेशीकरण, लैङ्गिक समानता र क्षमता अभिवृद्धिलाई साझा सरोकारको विषय बनाई सोही अनुसार कार्यक्रमहरू निर्देशित समेत गरिएको छ । स्थापनाको समयमा लागूपदार्थ, एचआईभी र एड्सको क्षेत्रलाई कार्यक्षेत्र मानी कार्यरत रहेकोमा आजका दिनहरूमा नेपालको समग्र विकासमा योगदान पुऱ्याउने एक प्रतिष्ठित सामाजिक संस्थाको रूपमा परिचित बन्न सफल भएको छ ।

लागूपदार्थ परामर्श उपचार तथा पुनर्स्थापना केन्द्रलाई स्थायित्व दिन तथा संस्थाका प्रशासनिक तथा व्यवस्थापकीय कार्यहरूलाई व्यवस्थित तथा प्रभावकारी रूपमा सञ्चालन गर्न २०७० सालमा "श्रीमद्भागवत विराट ज्ञान महायज्ञ" आयोजना गरी यहाँहरूको अमूल्य योगदान र सहयोगमा पोखरा-१७ सीतापाईलामा निर्मित आफ्नै भवनबाट प्रशासनिक कार्यका साथै महिला लागूपदार्थ परामर्श उपचार तथा पुनस्थापना केन्द्र संचालित रहेको छ । त्यस्तै कार्यक्रम विस्तारको हिसावले Good Neighbour International (GNI) को आर्थिक तथा प्राविधिक सहयोगमा कास्की जिल्लाका साविकका ५ गाबिसहरू (हाल मादी गा.पा ८,९,१०,११; अन्नपूर्ण गा.पा ४,६,७ माछापुच्छ्रे गा.पा ६,८,९ तथा पोखरा महानगरपालिका २३)मा शिक्षा तथा बाल संरक्षण, स्वास्थ्य तथा सरसफाई, जिबिकोपार्जनलाई केन्द्रित गरी एकीकृत सामुदायिक विकास कार्यक्रम बिगत सन् २०१६ देखि निरन्तर रूपमा सञ्चालन भैरहेको छ ।

त्यसैगरी कास्की र मनाङ्ग जिल्लामा स्थानीय पालिकाहरूको आर्थिक सहयोग र सहकार्यमा झोलुङ्गेपुल निर्माण कार्यक्रम सञ्चालन भैरहेको छ । त्यसैगरी संयुक्तराज्य अमेरिकी सरकार (United States Government) को सहयोगमा इपिक नेपाल परियोजना सन् २०२० अक्टोवर देखि सञ्चालन भईरहेको छ ।

साथै यस आर्थिक वर्षमा संस्थाका प्रमुख उपलब्धी तथा सञ्चालनमा ल्याएका कार्यक्रमहरूको संक्षिप्त विवरण उल्लेख गर्न चाहन्छु ।

यस आर्थिक वर्षमा भएका प्रमुख उपलब्धीहरू:

- लागुपदार्थ परामर्श, उपचार तथा पुनर्स्थापना केन्द्रमा गत वर्ष सम्म २९१४ जना पुरुष र ७९८ महिला सहित ३७१२ जनाले आवासीय सेवा प्राप्त गरिसकेका छन् भने यस आर्थिक वर्षमा महिला तर्फ ७३ जना र पुरुष तर्फ १३६ जना गरी जम्मा २०९ जना जनाले आवासीय सेवा प्राप्त गरेका छन् ।
- जिल्ला स्तरीय अन्तर पुनस्थापना केन्द्र टेबुलटेनिस प्रतियोगिता पोखरा रङ्गशालामा सम्पन्न भएको छ ।

- शिक्षा, स्वास्थ्य तथा जीविकोपार्जन कार्यक्रम अर्न्तगत १०९० जना विद्यार्थी, ४२ विद्यालय, ६ सहकारी संस्था, २ प्राथमिक स्वास्थ्य सेवा केन्द्र, ६ स्वास्थ्य चौकी, ३ आधारभुत स्वास्थ्य सेवा केन्द्र र ३ सामुदायिक स्वास्थ्य इकाईमा सेवा उपलब्ध गराइएको छ ।
- ICT in Education मार्फत विद्यालयहरूको शैक्षिक तथा भौतिक स्तरोन्नतिका लागि यस वर्ष ८ विद्यालहरूमा स्मार्ट बोर्ड जडान भई नियमित शिक्षण सिकाई क्रियाकलापहरू सञ्चालन हुँदै आइरहेको छ ।
- यस वर्ष मादी गा.पा.को वडा ८, ९, १० र ११ गरी ४ वटै वडाहरूमा बालबालिका सम्बन्धी ऐन २०७५ बमोजिम वडा स्तरीय बाल अधिकार समितिको पुनर्गठन भएको छ ।
- सरसफाई कार्यक्रम अर्न्तगत स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरूमा ४ वटा हात धुने स्टेसन र ४ वटा फोहोरमैला जलाउने वेस्ट पिट निर्माण सम्पन्न गरियो ।
- कास्कीका ४२ सामुदायीक विद्यालयमा अध्ययन गर्ने ८८३ बालबालिकाहरूलाई एक शैक्षिक सत्रका लागि आवश्यक पर्ने शैक्षिक सामग्री, विद्यालय पोशाक समेत प्रदान गरिएको छ । यस वर्ष SEE उत्तीर्ण गर्ने २०७ विद्यार्थीलाई प्रोत्साहन स्वरुप आर्थिक सहयोग उपलब्ध गराइएको छ ।
- जिविकोपार्जन कार्यक्रम अर्न्तगत ५० अगुवा कृषकहरूलाई प्राकृतिक खेती तालिममा आवद्ध गर्दै ३०० जना कृषकलाई प्राकृतिक खेतीका लागि आवश्यक बिउ बीज तथा कृषि सामग्री सहयोग भएको छ ।
- परियोजनाद्वारा ६ वटा सहकारीमा हालसम्म १ करोड ३८ लाख २१ हजार नौ सय ३७ रुपैंया घुम्तीकोष रकम प्रदान गरिएको छ जसबाट ४९५ घरपरिवारहरू व्यवसायिक उद्यममा आबद्ध भएका छन् ।
- संस्थाले कास्की जिल्लाका बिभिन्न ठाउँमा हालसम्म कास्की जिल्लामा ६६ र मनाङ्ग जिल्लामा ७ वटा गरी कुल ७३ वटा झोलुङ्गे पुलहरू निर्माण सम्पन्न भइसकेको मध्ये यस आर्थिक वर्षमा ९ वटा झोलुङ्गे पुलहरू निर्माण सम्पन्न भएको छ । कास्की र मनाङ्ग जिल्ला गरेर ४ वटा झोलुङ्गे पुलहरू निर्माणाधीन अवस्थामा रहेको छ । साथै अन्य झोलुङ्गे पुलहरूको सर्भे तथा डिजाईन तयार गर्ने काम भैरहेको छ ।
- यस वर्ष ५६३ जना एचआईभीको जोखिममा रहेका व्यक्तिहरूलाई एचआईभीको परीक्षण र ५३ जना नयाँ संक्रमितहरूलाई एआरटीको लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पताल (हाल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान) मा रेफर गरिएको छ ।
- २९६ जनाको यौनरोग परीक्षण गरिएको छ भने १०० जनाको यौन रोगको निदान र ४५ जनाको यौन रोगको उपचार सेवा प्रदान गरिएको छ ।
- ४१४ जनालाई समुदायस्तरमा हेरचाह तथा काउन्सिलिङ्ग सेवा प्रदान गरिएको छ ।
- संस्थाको पोखरा १७ सितापाईला स्थित महिला लागूपदार्थ परामर्श, उपचार तथा पुनर्स्थापना केन्द्रको किचन मर्मत तथा पुनर्निमाण कार्यका लागि कार्यसमिति सदस्य ई. शारदा मोहन काफ्लेको संयोजकत्वमा सदस्य तुमला श्रेष्ठ र सल्लाहकार मेजर चन्द्र बहादुर गुरुङ्ग सदस्य रहने गरी गठित उपसमितिको नेतृत्वमा GNI Nepal बाट रु. २ लाख, ITTF foundation बाट रु. २ लाख १३ हजार ७ सय ५ र साहारा यू.के. तथा तमु धिं यू.के. बाट रु. १० लाख सहयोग प्राप्त भई निर्माण कार्य सम्पन्न भएको छ ।
- संस्थाद्वारा मिति २०७० जेष्ठ २० देखी २७ सम्म आयोजना गरिएको विराट ज्ञान महायज्ञमा संस्थालाई सहयोग गर्ने दानवीरहरूको नामावली प्रकाशन तथा शिलालेख सम्बन्धमा पूर्व अध्यक्ष पदमराज पहारीको संयोजकत्वमा पूर्व अध्यक्ष तथा महायज्ञ सञ्चालन मूल आयोजक समितिका संयोजक मेहरमान श्रेष्ठ, पूर्व अध्यक्ष योगराज पौडेल, महासचिव कमल प्रसाद अर्याल, सदस्य नारायण प्रसाद पौडेल सहितको पाँच सदस्यीय उपसमिति गठन भई रेकर्डलाई मिलान गरी प्रकाशनको काम अन्तिम चरणमा पुगेको छ र छिट्टै प्रकाशन तथा शिलालेख सहित सार्वजनिक गरिने छ ।
- पोखरा १७ सितापाईला स्थित संस्थाको भवनको पछाडिपट्टि रहेको खाली जग्गाको भागमा सेती नदिले कटान गर्ने, पहिरो जाने लगायत बर्षायाममा पुऱ्याउन सक्ने क्षति रोकथाम तथा सम्भावित जोखिम न्यूनिकरणका लागि कार्यसमिति तथा सल्लाहकार समितिबाट स्थलगत अध्ययन गरियो । सम्बन्धित निकायमा पहल कदमीका लागि पूर्व

अध्यक्ष खड्ग बहादुर रानाभाट संयोजक, सदस्य ई. शारदा मोहन काफ्ले र योगेन्द्र प्रधान सदस्य रहने गरी तीन सदस्यीय उपसमिति बनाई जिम्मेवारी प्रदान गरिएको छ ।

यस वर्ष भए गरेका परियोजनागत बिस्तृत गतिविधिहरू, उपलब्धिहरू, समस्या र चुनौतिहरू, सिकाईहरू र सफलताका कथाहरू हाम्रो वार्षिक प्रतिवेदनका विभिन्न खण्डहरूमा उल्लेखित गरिएको छ । यहाँहरूले सो प्रतिवेदन अध्ययन गरी सुझाव दिनुहुनेछ भन्ने विश्वास लिएको छु ।

संस्थाले आर्थिक वर्ष २०८१/८२ मा विभिन्न साझेदार संस्थाहरूको साझेदारीमा सञ्चालित परियोजनाहरूको विस्तृत विवरण यस प्रकार रहेको छ ।

१. लागु औषध तथा मद्यपान परामर्श, उपचार तथा पुनस्थापना कार्यक्रम - नेपाल भरी, नौलो घुम्ती नेपालको आन्तरिक स्रोतबाट सञ्चालित - सन् २००२ देखि हालसम्म,
२. EpiC Nepal Project कास्की, तनहुँ र बाग्लुङ्ग जिल्ला सहयोगी संस्था - संयुक्त राज्य अमेरिकाको सरकार (United States Government) तथा साझेदार संस्था FHI 360 - सन् २०२० देखि २०२५ सम्म,
३. समुदायको लागि झोलुङ्गे पुल निर्माण कार्यक्रम, कास्की र मनाङ्ग - सहयोगी संस्था स्थानीय सरकार, कास्की र मनाङ्ग - सन् २०१५ देखि २०२८ सम्म,
४. एकीकृत सामुदायिक विकास परियोजना, कास्की- सहयोगी संस्था - Good Neighbors International (GNI) - सन् २०१६ सेप्टेम्बरदेखि २०२५ सम्म
५. Table Tennis for New Life परियोजना, कास्की-सहयोगी संस्था - ITTF Foundation - सन् २०२२ अप्रिल देखि २०२५ सम्म ।

समाज कल्याण परिषद, गृह मन्त्रालय, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति जिल्ला प्रहरी कार्यालय, स्वास्थ्य निर्देशनालय, जिल्ला स्वास्थ्य कार्यालय तथा अन्य सरकारी निकाय, स्थानीय निकाय, US Government -EpiC Nepal Project, FHI 360, Good Neighbor International, Nepal (GNI), ITTF Foundation, गैर सरकारी संस्था महासंघ लगायत विभिन्न सरोकारवाला निकायहरूद्वारा यस संस्थाद्वारा संचालित विविध परियोजना तथा कार्यक्रमहरूको अनुगमन मुल्याङ्कन गरी संस्थालाई प्राप्त सल्लाह सुझावको लागि कृतज्ञता व्यक्त गर्दै आगामी दिनहरूमा पनि संस्थाको विकासको लागि निरन्तर सल्लाह र सुझावको अपेक्षा राख्दछौं ।

अन्त्यमा यस संस्थाका गतिविधिहरूलाई प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने यस संस्थाका संस्थापक ज्यूहरू, नेपाल सरकार, प्रादेशिक सरकार, स्थानीय सरकार, स्वास्थ्य निर्देशनालय, पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रीय अस्पताल), जिल्ला प्रशासन कार्यालय कास्की, जिल्ला समन्वय समितिको कार्यालय कास्की, स्वास्थ्य कार्यालय कास्की, जिल्ला प्रहरी कार्यालय कास्की, पोखरा महानगरपालिका, माछापुच्छ्रे गाउँपालिका, अन्नपूर्ण गाउँपालिका, मादी गाउँपालिका र मनाङ्ग जिल्लाका चामे गाउँपालिका, नार्पाभूमी गाउँपालिका, डिस्याङ गाउँपालिका लगायत विभिन्न सरकारी निकायहरू, दातृ निकायहरू, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, जनप्रतिनिधिहरू, राजनीतिक दलहरू, स्थानीय निकाय, सेवार्थीहरू र उहाँका परिवारजनहरू, लाभान्वित समुदाय, कार्यसमितिका सहयोगी मित्रहरू, सल्लाहकार ज्यूहरू, कर्मचारी मित्रहरू साथै समस्त नागरिक समाज सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद !

कमल प्रसाद अर्याल
महासचिव
मिति: २०८२/०६/०८

२३ वर्षे जवानीमा आफैले आफैलाई आफ्नै प्रशंसा



सर्व प्रथम त पूर्व अध्यक्षहरूको भावना राख्ने अवसर प्रदान गर्नुहुने आदरणीय अध्यक्ष वरिष्ठ अधिवक्ता सुरेन्द्र थापा ज्यू को उच्च सोचका लागि धन्यवादका साथ आभार व्यक्त गर्दछु ।

दुई दशक भन्दा लामो अवधि पार गरिसकेको सस्थाको बारेमा पूर्व भावना र भनाई अवश्य लामो हुन्छ होला त्यसमा पनि म आफू संथापक भएको त झन.....

मैले यो संस्थाको जिम्म लिँदा दुई वटा कुरा मात्र मनमा लिएको थिएँ नं. १ हामी बडो संवेदनशिल क्षेत्रमा काम गर्न खोज्दै छौँ, नं. २ जुन सँस्थालाई घर भाडामा दिन पनि तर्सन्थे तसर्थ हामी यसमा आवद्ध बोर्डका साथीहरू र कर्मचारी संवेदनशिल हुनुपर्छ । मैले प्रत्येक बैठक र कर्मचारी साथीहरू समक्ष यही कुरा दोहोराउने र तेहराउने गर्थे ।

आज संस्था जे जति जस्तो अवस्थामा छ, यो सपना मैले देखेको थिइन तर तत्कालिन र तत्पश्चात अद्यावधि बोर्डक साथी र कर्मचारीको इमान्दारिता, मेहेनत र परिश्रमले सम्भव भएको हो ।

मैले नियम विधि विधान र सुसस्कारलाई स्थापित गर्न प्रयास गरेकै हुँ । फलस्वरुप मलाई सन्तोष छ, म पछि रहनु भएका सम्पूर्ण अध्यक्ष ज्यूहरूको सक्रियता असत शोच र नियत, राम्रा कुरा लाई निरन्तरता एवं लगनशिलताका कारण आज हामी यहाँ छौं ।

त्यस्तै यसमा आवद्ध कर्मचारी साथीहरू सुरुमा सोमलाल ओझा ज्यू लगायत आज सम्म कार्यरत सम्पूर्ण प्रशासक ज्यूहरूले मन वचन र कर्मले लागी पर्नु भएकै छ र हो ।

यो सस्था नामले पनि नौलो घुम्ती हो भने यसका मोडहरू मध्ये U Turn गर्नमा तानिन कार्य समितिका साथीहरू र निर्देशक राम प्रसाद ज्ञवानी संगको सुमधुर तालमेलले गर्दा यो सम्भव भएको हो । यस घडिमा दिनानुदिन कार्यालयमा खटी काम गर्ने कर्मचारी साथीहरू विशेषतः राम प्रसाद ज्ञवालीज्यूलाई स्मरण र प्रशंसा गर्न चाहन्छु । कामको दौरानमा विभिन्न निकायबाट मान सम्मान पुरस्कृत भएकै हौं । भई रहेका छौ ।

यसै विच म अध्यक्ष रहँदा बखत नै अमेरिकन राजदूत पोखरा भ्रमण आउँदा हाम्रो संस्थाको निरीक्षण गर्ने तालिकामा पर्नु र हाम्रो साधारण अफिसमा आई घण्टौ सम्म बसी भला कुसारी गर्दै अन्त्यमा वहाँले "We are satisfied from your work we appreciate it, thank you very much" भन्नु हुँदा हामीले काम ठिकै गरेका रहेछौं भन्ने लागेको थियो । म यो भनाई सम्झी रहन्छु ।

वर्तमान यस संस्थाका कार्यसमितिका अध्यक्ष, वरिष्ठ अधिवक्ता सुरेन्द्र थापा ज्यू को सवल र सक्षम नेतृत्वमा विद्यमान गर्विलो र गहकिलो बोर्ड र संस्थाका निर्देशक अनेश गुरुङ ज्यूको कुशल व्यवस्थापनले नौलो घुम्ती नेपाल अझै अग्रगतिका साथ अघि बढ्नेमा हामी विश्वस्त छौं । म ढुक्क छु ।

जय नौलो घुम्ती नेपाल !

धन्यवाद !

प्रेम बहादुर श्रेष्ठ

संस्थापक अध्यक्ष

मितिः २०८२/०६/०८

सामाजिक सुद्धिकरणमा संस्थाको भूमिका अझ महत्वपूर्ण



व्यवहारिक रूपमा त पहिला नै मेरो सामाजिक भावना थियो। विद्यार्थी काल देखि नै राजनीति र सामाजिक गतिविधिमा सहभागिता जनाउने र आफ्नो विचार दृढता पूर्वक राख्ने मेरो सामाजिक चेत पछिसम्म पनि जस्ताको तस्तै लाग्थ्यो। यसै सन्दर्भमा सन् १९८५ मा जापान नेपाल सहयोग संस्था (जाईका) नेपालको परियोजना प्रतिनिधि भै सामाजिक कार्यमा संलग्न हुदै आएको थिएँ। कास्की जिल्लाको खासगरी पोखरा क्षेत्रमा लागु पदार्थ दुर्व्यसनमा लागेर भुलवस बाटो विराएका युवा जमातले जीवनको महत्वपूर्ण समय कुलतमा लागेको देखेर यिनलाई सुधारात्मक बाटोमा लगाउने दिशामा कुनै न कुनै उपाय गर्न सकेमा सामाजिक हितको महत्वपूर्ण कार्य हुन सक्छ की भन्ने मनमा लागि रहेको थियो। यस क्षेत्रमा आई.एन.एफ. नेपालले विगत सन् १९९५ देखि पोखरामा रहेर महत्वपूर्ण काम गरी आएको जानकारी पाएको थिएँ। विचमा उक्त संस्थाले गरेको सो कार्यक्रम नागरिक स्तरमा लैजाने योजना वनाएको छ भन्ने कुरा चली रहेको थियो। तत् सम्बन्धी कुराको वारेमा चासो राखी आएको थिएँ। पोखरा रामघाट वस्ने सुरेन्द्र गौतमले सो वारेमा अगुवाई गरी रहनु भएको भन्ने कुरा सुनैं। तत्कालै सो वारेमा खोजीनीति गर्दै थिएँ।

मेरो मनको चाहनाले खोजेको स्थानको रूपमा मैले समाजसेवी हिमालय देव सिग्देल, सुरेन्द्र गौतम, प्रेम वहादुर श्रेष्ठ, योगराज पौडेल, सोमलाल ओझा, शान्ता गुरुङ जस्ता सामाजिक भावना भएका व्यक्तिको सामिप्यता फेला पारे। आई.एन.एफ. नेपाल पोखराबाट हामी नागरिक स्तरका केही व्यक्तिहरुले सन् २००० मा दुधे वालक जस्तो गरी काखमा च्यापेर केही कुर्ची टेवुल र एक थान कम्प्यूटर लिएर आयौं। संस्थाको नाम नौलो घुम्ती नेपाल भन्ने राखी लागु पदार्थ दुर्वेसन र एच.आई.भि.को क्षेत्रमा लागेकाहरूलाई सुधारात्मक बाटोमा लगाउने र सामाजिक वातावरण दिने हेतुले यसको कार्य आरम्भ गरियो। कामको उतार चढाबमा हामीले धेरै व्यवधान भोगेको तितो मिठो अनुभव रहेका छन्।

संस्थाको कार्य सञ्चालन गर्न घर भाडामा लिनु पर्ने, घरवालाले भाडामा दिन चाहे पनि छिमेकीले व्यवधान गर्ने गरेको कारण उनीहरूसँग धेरै कठोर वचन र व्यवहार गर्नु परेको कटुअनुभव रहेको छ। त्यसैले अव संस्थाको लागि घर नै नवनाई हुदैन भन्ने सोंचका साथ मेरो अध्यक्षतामा कार्य समिति रहेको वखत नै २०७० सालमा एउटा महायज्ञ संचालनको योजना तयार गरियो। गत २०७० साल जेष्ठ २० गते महायज्ञ सम्पन्न भयो। सो महायज्ञ आयोजक मुल कमिटीको अध्यक्षको जिम्मेवारी मेरै काँधमा आयो। उपसमितिको संयोजक समितिका उपाध्यक्ष मेहरमान श्रेष्ठ ज्यूको संयोजनमा गठन गरियो। संस्थाका सवै साथीहरू, स्थानीय वुद्धिजीवि र समाज सेवीहरूको सहयोगमा रकम संकलन भयो। त्यसैको मुख्य आडमा पोखरा-१७ सितापाईलामा करिव साढे तीन रोपनी जग्गा खरिद गरियो। सो जग्गामा एउटा सुविधा सम्पन्न भवन निर्माण भएको छ। अहिले संस्थाको आफ्नो भवन, सक्रियताका साथ काम गर्ने आजीवन सदस्य साथीहरूको टिम, लगनशील कर्मचारी रहेका छन्। सबैले सक्रियता पूर्वक काम गरी रहेको यस अवस्थामा आई पुग्दा मेरो युवाचेतमा आफुले कल्पना गरेको क्षेत्रमा भौतारिएर रहेका युवाहरूको केही हदसम्म भए पनि जगेर्ना हुन सकेको कार्यले मलाई आफुले गरेको विगतको कार्यलाई सम्झदा आनन्दित र गौरवान्वित तुल्याउँछ। यसैको जगमा मैले गरी आएको नागरिक अगुवाको भुमिकाले मलाई गण्डकी प्रदेश स्तरको गैरसरकारी संस्था महासंघको अध्यक्षको जिम्मेवारी प्राप्त भै कृयाशील रही भएको अनुभव गरेको छु।

अन्ततः मैले नौलो घुम्ती नेपालमा रहेर गरेको मेरो जीवनको महत्वपूर्ण दिन र समय सदुपयोग भएको महसुस गरेको छु। मैले संस्थाको संस्थापक कोषाध्यक्ष, निर्वाचित सचिव, अध्यक्ष समेत भै गरेका कामले मलाई आजको दिनसम्म आई पुग्दा समेत कुनै दिन अनाहकमा नभै पुण्य काममा नै विताएको रहेछु भन्ने आभाष हुन्छ। यस संस्थाको आगामि दिन झन समाज निर्माण र शुद्धिकरणमा अझ फलदायी बन्न सकोस् भन्ने सरोकारवाला सवैमा शुभेच्क्षा व्यक्त गर्न चाहन्छु।

धन्यवाद !

पदमराज पहारी
पूर्व अध्यक्ष
मितिः २०८२/०६/०८

मेरो यात्रा: खेल मैदानदेखि सामाजिक सेवा र नेतृत्व सम्म



विद्यार्थी जीवनदेखि नै शिक्षा, खेलकुद र सामाजिक कार्यप्रति मेरो विशेष रुचि रहँदै आएको छ । मेरो अधिकांश समय यी क्षेत्रहरुमा नै समर्पित हुने गर्दथ्यो । पृथ्वीनारायण क्याम्पसमा अध्ययनरत रहँदा आदरणीय गुरु जर्ज जोन सरको नेतृत्वमा अन्नपूर्ण रंगशाला निर्माण, प्रत्येक माघ महिनामा बृहत् विकास प्रदर्शनीको आयोजना गरी क्याम्पसका लागि आर्थिक संकलन जस्ता महत्वपूर्ण सामाजिक कार्यहरुमा संलग्न हुँदै आफ्नो खेल जीवनलाई पनि अगाडि बढाउँदै, सन् १९७० को एसियाली खेल, सन् १९८४ को अमेरिकाको लस एन्जलसमा आयोजित ओलम्पिक खेलमा चन्द्र सूर्य अङ्कित झन्डा बोक्ने सौभाग्य, राष्ट्रको खेलकुद क्षेत्रको तर्फबाट विभिन्न समयमा विश्वका ४१ भन्दा बढी देशहरुमा सहभागी, तथा विभिन्न देशका खेलकुद युनिभर्सिटिहरुको अध्ययन र अनुभवले विकसित देशहरुको उन्नति र विकासलाई नजिकबाट नियाल्ने अवसर प्राप्त भयो ।

मेरो देश विदेशको अनुभवले आफ्नो देशका परिस्थिति र चुनौतिहरुको गहिरो अनुभूति गारायो र सामाजिक संघ संस्थाहरुमा आबद्ध भई दु:खी, गरिब, असहाय, दुर्गम क्षेत्रमा पिछडिएका दाजुभाइ, दिदीबहिनीहरुको सेवा गर्ने भावना अझ सशक्त बनायो । मेरी श्रीमती सकुन सिंह रानाभाट नौलो घुम्ती नेपालको संस्थापक सह-सचिवको नाताले मलाई पनि यस संस्थाको सदस्यता लिन प्रेरित गर्नुभएकाले म यस संस्थामा २०६२ सालदेखि आजीवन सदस्यको रुपमा जोडिन पुगें ।

त्यसपछि क्रमश: कार्यसमिति सदस्य, सचिव, महासचिव हुँदै वि.सं. २०७३ साल देखि २०७७ सालसम्म संस्थाको अध्यक्ष भएर नेतृत्व गर्ने अवसर प्राप्त भयो । संस्थाको भवन निर्माणार्थ २०७० सालमा आयोजित महायज्ञमा उपसमितिको सचिव भएर महत्वपूर्ण भूमिका निर्वाह गरेको अनुभव पनि अविस्मरणीय रह्यो । मेरो नेतृत्व कालमा संस्थागत विकास, आर्थिक पारदर्शिता, सुशासन तथा संगठानिक सुदृढिकरण, संस्थागत कोष वृद्धि जस्ता कार्यहरु मुख्य प्राथमिकताका साथ अघि बढाइएको थियो ।

विभिन्न दातृ निकायहरु सँगको समन्वय र सहकार्यमा संस्थामा थप कार्यक्रम तथा बजेटका लागि पहल गर्दै सरकारी निकाय, जिल्ला समन्वय समिति र गाँउपालिकाहरुसँगको समन्वयमा सफल कार्यान्वयन भएको थियो । लागूपदार्थ परामर्श, उपचार तथा पुनर्स्थापना केन्द्रको गुणस्तरीय सेवा प्रवाहका निम्ति साहारा यू. के., तमु धिं यू.के., पोखरेली मञ्च यू.के. बाट रु ७,५२,००० आर्थिक सहयोग भयो जसबाट संस्थाको प्रधान कार्यालय, पोखरा १७ सीतापाइलामा साउना बाथ निर्माण गरिएको थियो र संस्थागत थप कार्यक्रम सहयोगका लागि समन्वय तथा पहल गरिएको थियो ।

त्यस अवधिमा संस्थाले UNHABITAT, GNI Nepal, ITTF Foundation, FHI/USAID र नेपाल सरकार लगात विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुको सँगको साझेदारीमा खुल्ला दिशा मुक्त अभियान, शिक्षा, स्वास्थ्य तथा सरसफाई, जीविकोपार्जन, बाल संरक्षण, मानव अधिकार, टेबुल टेनिस खेलको प्रवर्द्धन र झोलुङ्गेपुल निर्माण जस्ता महत्तवपूर्ण कार्यक्रमहरु संचालन गरेको थियो । यी कार्यक्रमहरु कास्की, तनहुँ, पर्वत, म्याग्दी, गोर्खा, सर्लाही, महोत्तरी, बर्दिया लगायत देशका विभिन्न जिल्लाहरुलाई कार्यक्षेत्र बनाई सफलतापूर्वक सम्पन्न गरिएको थियो । उक्त समयमा संस्थाले सन् २०१२ देखी सन् २०१८ सम्म खुल्ला दिसामुक्त अभियानमा पुऱ्याएको योगदान स्वरुप मधेश प्रदेशको राजधानी जनकपुरमा आयोजित खुल्ला दिसामुक्त जिल्ला घोषणा समारोहका अवसरमा प्रदेश नं. २ का

मुख्य मन्त्री माननीय लालबाबु राउत द्वारा मिति ३१ भाद्र २०७६ सालमा नौलो घुम्ती नेपाल सम्मानित भएको स्मरण गर्न चाहन्छु । साथै GNI Nepal मा लगातार ३ वर्ष सम्म सर्वोउत्कृष्ट कार्यसम्पादन गर्ने संस्था हुन सफल भएको थियो ।

कोभिड १९ को महामारीको चुनौतिपुर्ण समयमा संस्थाले दातृ निकायहरु संगको पहल कदमीमा स्थानीय तथा प्रदेश सरकारलाई सुरक्षा सामग्रीहरु प्रदान गरी रोकथाम तथा नियन्त्रणमा उल्लेख्य भूमिका निर्वाह गर्न सफल भयो ।

संस्थापक ज्यूहरु, पूर्व अध्यक्ष ज्यूहरु, कार्यसमिति पदाधिकारी तथा सदस्य ज्यूहरु, सल्लाहकार ज्यूहरु, आजीवन सदस्य ज्यूहरु साथै कार्यकारी निर्देशक तथा सम्पूर्ण कर्मचारीहरुको सक्रिय सहभागिता, निरन्तर सहयोग, लगनशीलता, समर्पण र सकारात्मक भावनाले संस्थालाई आजको यस गौरवमय उपलब्धि सम्म पुऱ्याउन महत्वपुर्ण भुमिका निर्वाह गरेको छ । यस गौरवमय यात्रामा अमुल्य योगदान दिनुहुने सम्पूर्णमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।

संस्थाले समाज र राष्ट्रप्रती सर्मार्पित रहँदै विभिन्न सामाजिक कार्यहरु मार्फत गौरवमय २४ वर्षको सफल यात्रा पुरा गरिसकेकोछ । यस अवधिमा संस्थाले आफ्नो अलगै पहिचान स्थापित गर्न सक्षम भएको छ । जुन हजुर हाम्रै योगदान, प्रतिबद्धता र समर्पणको उपज हो । आगामि दिनहरुमा पनि संस्थालाई थप उचाईमा पुर्याउन सबैको निरन्तर साथ सहयोग अपरिहार्य रहने विश्वास व्यक्त गर्दै संस्थाको २४ औँ वार्षिक साधारण सभाको शुभ अवसरमा सेवार्थी लगायत सम्पूर्णमा हार्दिक बधाई तथा शुभकाना व्यक्त गर्दछु ।

धन्यवाद !

खड्ग बहादुर रानाभाट
पूर्व अध्यक्ष
मितिः २०८२/०६/०८

मेरो अनुभवमा नौलो घुम्ती



नौलो घुम्ती नेपाल, आइएनएफ परियोजना भित्रबाट उत्प्रेरित भएर गठन भएको सामाजिक क्षेत्रमा क्रियाशील संस्था हो । सन् २००२ मा दर्ता भएर आजको मिति सम्म लागूपदार्थ दुरुपयोग तथा एचआईभी एड्स रोकथाम तथा न्यूनिकरण जस्ता कार्यमा क्रियाशील हुदै आएको संस्था हो । यो संस्थाले शिक्षा, स्वास्थ्य, जिविकोपार्जन लगायतका क्षेत्रमा आफ्नो अनुभव र क्षमता प्रर्दशन गर्दै आएको छ। यसको अलावा खानेपानी सरसफाइ, मानवअधिकार, वातावरण संरक्षण, खेलकुद, सुशासन जस्ता सामाजिक कार्यमा पनि सक्रिय योगदान पुऱ्याँउदै आइरहेको छ। झोलुङ्गेपुल, विद्यालय भवन, खेलमैदान, जस्ता पूर्वाधारको क्षेत्रमा पनि संस्था क्रियाशील छ। यो संस्था शहर कम र गाँउका दुरदराजमा क्रियाशील छ ।

यस संस्थामा सन् २००२ नै आजिवन सदस्य बनी विभिन्न पदमा रहेर काम गर्दै आएको छु । यस क्रममा घुम्तीका सदस्यहरूको अपार माया र विश्वासले वि.सं. २०७९ देखि २०८१ सम्म नेतृत्व गर्ने मौका पाएको थिए । आफूले शिक्षा, समाजसेवा, र पत्रकारिता क्षेत्रबाट प्राप्त गरेको अनुभवको सदुपयोग गर्ने अवसर नौलो घुम्तीमा पाएको थिए । म अध्यक्ष भएर संस्थालाई नेतृत्व दिएको समयमा दातृ निकाय र सरकारी निकाय संग समन्वय र सहकार्य गरी काम गर्न सहज भएको थियो । संस्थाको विकासका लाई अगाडि बढाउन बोर्डका वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषध्यक्ष, सदस्यहरू, पूर्व अध्यक्षहरू, आजीवन सदस्यहरू र कार्यकारी निर्देशक सहितका कर्मचारीहरूले गर्नुभएको सहयोग अतुलनीय रहेको छ ।

जिएनआइ, साहरा यू.के., अन्तराष्ट्रिय टेबुल टेनिस फिडेरेसन, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय कास्की, जिल्ला समन्वय कास्की, गाउपालिकाहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद !

बद्रीविनोद "प्रतीक" खनाल
निवर्तमान अध्यक्ष
मितिः २०८२/०६/०८

नौलो घुम्ती नेपालको गौरवमय यात्रा संस्थापकको प्रतिबिम्ब



नौलो घुम्ती नेपालको गौरवपूर्ण यात्रालाई पछाडि फर्केर हेर्दा, म आफैँ अत्यन्त भावुक र गर्वान्वित अनुभव गर्दछु । INF नेपालमा कार्यरत रहँदा लागूपदार्थ प्रयोगकर्ताहरूका लागि सञ्चालित परियोजनाको रूपमा नौलो घुम्तीको सुरुवात भएको थियो । सन् २००२ मा परियोजनाको समाप्तिपछि यस कार्यक्रमलाई गैरसरकारी संस्था (NGO) का रूपमा रूपान्तरण गरी नागरिक समाजमा हस्तान्तरण गरिएको थियो ।

उक्त संक्रमणकालीन अवधिमा, वरिष्ठ समाजसेवी श्री प्रेम बहादुर श्रेष्ठको अध्यक्षतामा गठित तदर्थ समितिमा मैले कोषाध्यक्षको भूमिका निर्वाह गर्ने अवसर प्राप्त गरें । नयाँ जन्मिएको संस्थामा आवश्यक स्रोत-साधन संकलन, कार्यक्रम विस्तार र बजेट व्यवस्थापन एक चुनौतीपूर्ण कार्य थियो । तथापि, कार्यसमिति, सल्लाहकार तथा कर्मचारीहरूको अद्वितीय समर्पण, कडा परिश्रम र इमान्दारिताको फलस्वरूप नौलो घुम्तीले छोटो समयमै गतिशीलता हासिल गर्दै एक सफल तथा सशक्त सामाजिक संस्थाको रूपमा आफ्नो पहिचान बनायो ।

नौलो घुम्ती नेपालले आफ्नो सुरुवाती चरणमा लागूपदार्थ परामर्श, उपचार तथा पुनस्थापना कार्यक्रम सञ्चालनबाट सेवा आरम्भ गरेको हो । समयानुसार संस्थाले आफ्नो कार्यक्षेत्रलाई विस्तार गर्दै शिक्षा, स्वास्थ्य तथा सरसफाइ, जीविकोपार्जन, खानेपानी, मानवअधिकार संरक्षण, वातावरणीय सरोकार, खेलकुद, सुशासन प्रवर्द्धन र झोलुङ्गेपुल निर्माण, विपद् व्यवस्थापन जस्ता महत्वपूर्ण सामाजिक क्षेत्रहरूमा प्रभावकारी कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

यी कार्यक्रमहरूले विशेषत: अति विपन्न, सीमान्तकृत र संकटाभिमुख समुदायहरूलाई सशक्तिकरण मार्फत जीवनस्तर उकास्न महत्वपूर्ण भूमिका खेलेका छन् । सामाजिक रुपान्तरणमा संस्थाको यो योगदान अत्यन्त सराहनीय छ ।

संस्थामा विभिन्न पदमा जिम्मेवारी सम्हाल्दै जाँदा, वि.सं. २०७७ देखि २०७९ सम्म अध्यक्षको रूपमा नेतृत्व गर्ने अवसर प्राप्त भयो । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक संघ संस्थामा आवद्ध रहेर प्रप्त अनुभवको सदुपयोग गर्दै मेरो कार्यकालमा सुशासन, पारदर्शिता, संस्थागत विकास र दिगो कार्यक्रम विस्तार प्रमुख प्राथमिकतामा रहे ।

त्यस अवधिमा कास्की जिल्ला सम्म सीमित झोलुङ्गेपुल निर्माण कार्यक्रमलाई विस्तार गर्दै मनाङ जिल्लाको नार्पाभूमि, चामे र नासाँ गाउँपालिका सम्म पुऱ्याउन सफल भयौं । यस्तै, GNI नेपालको सहयोगमा सञ्चालित पाँच वर्षे सामुदायिक विकास परियोजनाको सम्पन्नतापछि दातृ निकायहरूसँग पुनः समन्वय गरी एकीकृत परियोजना सञ्चालन गर्ने प्रस्ताव प्रस्तुत गरियो र त्यसलाई कार्यान्वयनमा ल्याउन सफल भयौं ।

वि.सं. २०७८ मा देशभरि परेको अविरल वर्षाका कारण गण्डकी प्रदेशमा उत्पन्न संकटको बेला संस्थाले प्रदेश सरकारलाई विपद् व्यवस्थापनमा सक्रिय सहयोग पुऱ्यायो । त्यही अवधिमा GNI नेपालद्वारा सञ्चालित साझेदार संस्थाहरूको संयुक्त कन्सोर्टियमको नेतृत्व गर्ने अवसर समेत नौलो घुम्ती नेपालले पाएको थियो, जुन संस्थाको लागि अर्को महत्वपूर्ण उपलब्धि रह्यो ।

संस्थाले सञ्चालन गरेका परियोजनाहरूमा दातृ निकाय, सरकारी तथा स्थानीय तहका निकायहरू, सरोकारवाला पक्षहरू, सेवाग्राही र लक्षित समुदायहरूसँग समन्वय, सहकार्य र जवाफदेहितालाई प्राथमिकता दिँदै परिणाममुखी कार्यान्वयनमा केन्द्रित रहँदै आएको छ ।

आज, जब हामी यो संस्थाको २४ वर्षे यात्रालाई फर्केर हेर्छौं, यस संस्थाको प्रगति र योगदान पक्कै पनि सहज यात्राको परिणाम होइन । यस सफल यात्राको श्रेय संस्थापक अध्यक्ष तथा सदस्यहरू, पूर्व अध्यक्ष

ज्यूहरू, सल्लाहकार ज्यूहरू, कार्यसमिति सदस्यहरू, आजीवन सदस्यहरू, समर्पित कर्मचारीहरू, दातृ संस्थाहरू तथा सरोकारवाला सबै पक्षहरूको अमूल्य योगदानलाई जान्छ ।

संस्थाको निरन्तर उन्नति र प्रभावकारी सामाजिक सेवा कार्यको लागि तपाईंहरू सबैको निरन्तर साथ, समर्थन र मार्गदर्शन आगामी दिनहरूमा पनि अपरिहार्य रहनेछ । म संस्थापक अध्यक्ष, पूर्व अध्यक्ष ज्यूहरू, सल्लाहकार ज्यूहरू, कार्यसमिति सदस्यहरू, आजीवन सदस्यहरू सम्पूर्ण, सरोकारवाला निकाय, कार्यकारी निर्देशक, कर्मचारीहरू, साझेदार संस्था, सरकारी निकाय, स्थानीय तह तथा शुभचिन्तकहरूप्रति हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु ।

नौलो घुम्ती नेपालले अझ बढी सशक्त, उत्तरदायी र समावेशी संस्था बन्ने दिशामा आगामी दिनहरूमा समेत उदाहरणीय भूमिका खेलोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

धन्यवाद !

योगराज पौडेल
पूर्व अध्यक्ष
मितिः २०८२/०६/०८

नौलो घुम्ती नेपालको संक्षिप्त परिचय

नौलो घुम्ती नेपाल सन् २००२ मा विधिवत् रुपमा नेपाल सरकारको संस्था दर्ता ऐन २०३४ अनुसार जिल्ला प्रशासन कार्यालय कास्कीमा दर्ता भएको राष्ट्रिय स्तरको गैरसरकारी सामाजिक संस्था हो । यो संस्था समाज कल्याण परिषद, गृह मन्त्रालय लागु औषध नियन्त्रण महाशाखामा विधिवत दर्ता भएको छ । संस्थाले लागु औषध नियन्त्रण, एच आई भी रोकथाम, सामुदायिक विकास, शिक्षा, आयआर्जन जस्ता क्षेत्रहरूमा कार्य गरिरहेको छ । नेपालका २३ भन्दा बढी जिल्लाहरूमा परियोजना सञ्चालन गरी समुदायमा परिचित छ । विभिन्न संस्थाहरूसँग साझेदारीमा अगुवा संस्थाको रूपमा प्रशासनिक तथा व्यवस्थापकीय दक्षता हासिल गरेको र उत्कृष्ट सेवा प्रवाह गरेकोमा विभिन्न सरकारी निकायबाट पुरस्कृत भएको छ ।

परिकल्पना (Vision)

नौलो घुम्ती नेपाल यस्तो समाज चाहन्छ, जहाँ प्रत्येक नागरिकले स्वास्थ्य, न्याय, शान्ति र संवृद्धिको अवसर प्राप्त गरी सम्मानित जीवन यापन गरेका हुनेछन् ।

ध्येय (Mission)

आर्थिक तथा सामाजिक रूपमा पछाडि पर्न बाध्य विपन्न संकटाभिमुख र सिमान्तकृत समुदायको जीवनस्तर सुधारका लागि जीविकोपार्जनको विकास, आधारभूत स्वास्थ्य, सरसफाई र शिक्षामा पहुँच, प्राकृतिक साधन श्रोतहरूको समुचित परिचालन, वातावरणीय संरक्षण, मानव अधिकार र लोकतन्त्र प्रवर्द्धन, लैङ्गिक समानता, समावेशीकरण साथै लागूपदार्थ तथा एचआईभी एड्सको रोकथाम नियन्त्रण एवं उपचार लगायतका कार्यक्रमहरू सञ्चालन गर्नु ।

लक्ष्य (Goal)

लागूपदार्थ प्रभावितहरूलाई उपचार सहयोग एवं पुनर्स्थापना, एचआईभी र यौनजन्य संक्रमणमा कमी, विपन्न र सिमान्तकृत समुदायको प्राकृतिक साधन श्रोतको समुचित परिचालन गर्न क्षमताको विकास गरी आय स्तरमा वृद्धि, आधारभूत स्वास्थ्य र शिक्षामा सबैको पहुँच अभिवृद्धि, सुशाासनको प्रत्याभुती, मानव अधिकारको संरक्षण र संवर्द्धन साथै लोकतन्त्रको विकास एवं सुदृढीकरण गर्ने ।

उद्देश्यहरू (Objectives)

१. लागूपदार्थ प्रयोग, एचआईभी र यौनजन्य संक्रमणको रोकथाम र नियन्त्रण गर्न जनचेतना, रक्त परीक्षण, परामर्श उपचार हेरचाह तथा पुनर्स्थापना सेवा, क्षमता अभिवृद्धि साथै नीतिगत सुधारका लागि बहश पैरवी जस्ता सेवाहरू सञ्चालन गर्ने ।
२. लैङ्गिक तथा कुनै पनि प्रकारका सामाजिक विभेदहरूको अन्त्य, आधारभूत मानव अधिकारको सुनिश्चितता, शुसासनको प्रवर्द्धन मार्फत लोकतान्त्रिक पद्धतिको विकास गर्ने ।
३. शिक्षामा सवै नागरिकको सहज पहुँच, गुणस्तरीय साथै सार्थक र जीवन उपयोगी शिक्षा मार्फत राष्ट्र विकासको लागि आवश्यक दक्ष जनशक्ति विकास गर्न टेवा दिने ।
४. आधारभूत स्वास्थ्य सेवा, स्वच्छ खानेपानी र सरसफाई सुविधामा सवैको पहुँच वृद्धि, विपद् न्यूनीकरण, वातावरण संरक्षण गरी जनस्वाथ्यको अवस्थामा सुधार ल्याउने ।
५. सामाजिक र आर्थिक रूपले पछाडि पारिएका समुदायको साधन श्रोत, सेवा, पूँजी र सीपमा पहुँच बढाई

वातावरण मैत्री सर्वाङ्गिण विकास मार्फत आयआर्जन बृद्धि गर्ने ।

६. लैंङ्गिक र समावेसीताको सिद्धान्तलाई आत्मसात गर्दै स्थानीय विकासे कार्यकर्ता र समुदायको क्षमता अभिवृद्धि गर्ने ।

७) झोलुङ्गे पुल निर्माण तथा मर्मतका कार्यक्रहरू सञ्चालन गरी स्थानीय समुदायलाई आधारभूत सेवा, विद्यालय, स्वास्थ्य, प्रशासनिक सेवा, पर्यटन प्रवर्द्धन र विकास, सामाजिक र सांस्कृतिक केन्द्रहरूमा सहज आवत-जावत तथा जोखिम न्यूनिकरण गर्ने ।

८) बिपद् जोखिम न्युनिकरणका विभिन्न कार्यक्रहरू सञ्चालन गर्ने ।

९) वातावरण संरक्षण, सरसफाई, प्राकृतिक स्रोत र साधनको सम्वर्द्धन गर्ने ।

१०) दीगो विकास लक्ष्य सम्बन्धित विभिन्न कार्यक्रहरू सञ्चालन गर्ने ।

लागूपदार्थ परामर्श, उपचार तथा पुनस्थापना कार्यक्रम (महिला-पुरूष)



लागूपदार्थ परामर्श, उपचार तथा पुनस्थापना कार्यक्रम नौलो घुम्तीको स्थापना काल देखिनै सञ्चालित पहिलो र मुख्य कार्यक्रम हो । यस परियोजनाले जुनसुकै लागूपदार्थ र मद्यपानको प्रयोग रोकथामका लागि परामर्श, उपचार पुनस्थापना, सचेतना तथा पैरवीका विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आईरहेको छ। यस परियोजना स्थापना कालदेखि सन् २०१४ सम्म दातृ निकायको आर्थिक सहयोगमा संचालन रहेकोमा सन् २०१५ देखि दातृ संस्थाको सहयोग विना सेवार्थीको सहयोग र स्थानीय स्रोत साधन परिचालन गर्दै संस्थाले पोखरा-१७ सीतापाईलामा संस्थाको आफ्नै भवनमा महिला उपचार तथा पुनस्थापना केन्द्र र सन् २०२० मार्च देखि जिल्ला प्रशासन कार्यालय कास्की सँगको सहकार्यमा पोखरा -१८, धारापानीमा पुरुष उपचार तथा पुनस्थापना केन्द्र प्रभावकारी तवरले संचालन गरिरहेको छ।





परियोजनाले सोवार्थिहरूलाई सुविधाजनक आवास, सन्तुलित भोजन, पारिवारिक र मनोरञ्जनात्मक वातावरण, योग अभ्यास, मनोविमर्श सेवा, आध्यात्मीक जागरण, व्यवहार परिवर्तन सम्बन्धी शिक्षा, चिकित्सकद्धारा नियमित स्वास्थ्य परीक्षण, सामाजिकिकरण कार्यक्रम, खेलकुद, साउनाबाथ थेरापी जस्ता विभिन्न क्रियाकलापहरूमा सहभागी गराएर प्रभावकारी सेवा प्रदान गर्दै आईरहेको छ । युवा युवतिहरू, विद्यार्थीहरू तथा समुदाय स्तरमा लागुपदार्थ मद्यपान सम्बन्धि अभिमुखिकरण, जनचेतना तथा पैरवीका कार्यक्रम सञ्चालन गरी उच्च जोखिममा रहेका समुहलाई सचेत गर्दै लागुपदार्थ प्रयोगको बढ्दो दरलाई रोकथाम तथा न्यूनिकरणका कार्यहरू गरिरहेको छ। पुनस्थापना केन्द्रमा महिला तर्फ २० सैया र पुरुष तर्फ ४० सैयाको क्षमता रहेको छ। जसमा नेपालका जुनसुकै जिल्लाहरूबाट पनि सेवार्थीहरूले गुणस्तरीय उपचार सेवा लिन सक्दछन् ।

यस कार्यक्रमको मुख्य लक्ष्य लागूपदार्थको प्रयोगबाट प्रभावितहरूलाई उपचार तथा पुनर्स्थापनाको समग्र पद्धती अवलम्बन गरी लागूपदार्थ प्रयोगकर्ताहरूको उपचार गर्नुका साथै यसको प्रयोगबाट हुने जोखिम न्यूनिकरण गर्दै उनीहरूको दीर्घ रिकभरिङ्ग, सकारात्मक जीवनयापनमा सहयोग पुऱ्याउनु तथा परिवार र समाजमा पुनस्थापित गराउनु नै हो ।

- **लक्षित समुह:**
  लागूपदार्थ महिला तथा पुरुष प्रयोगकर्ताहरू, तिनीहरूको परिवार र अन्य सरोकारवालाहरू यसका लक्षित समूह हुन ।
- **बजेट**: ९० लाख (सेवार्थी अनुदान र स्थानीय स्रोत)
- **परियोजना अबधी**: १ श्रावण २०८१–३२ आषाढ २०८२

- **परियोजनाको उद्देश्यहरू:**

उद्देश्य १: लागूपदार्थ प्रयोगकर्ताहरूमा ३ महिने आवासिय उपचार सेवा उपलब्ध गराई लागुपदार्थबाट हुने जोखिम न्यूनिकरण गराउन साथै गुणस्तरीय सेवा प्रदान गर्ने आ.व. २०८१ र ०८२ मा आवासीय उपचारका लागी योजना अनुसार २४० जना भर्ना (नयां-पुराना गरि महिलातर्फ ८० जना र पुरुष तर्फ १६० जना) को लक्ष्य राखिएकोमा महिला तर्फ ७३ जना र पुरुष तर्फ १३६ जना गरि जम्मा २०९ जना भर्ना गरियो । ती मध्य पोखरा महानगर पालिकाका १४० र बाहिरी जिल्लाका ६९ जना रहेका थिए । जसमा पुरा (३ महिना) आवासीय उपचार सेवा प्राप्त गर्ने ९९ जना र आशिंक उपचार सेवा प्राप्त गर्ने ५९ जना रहेका छन्, ५ जना प्रेशण गरेको थियो, १० जना ड्रपआउट भएको थियो र ४४ जना उपचारको क्रममा थिए । महिला र पुरुष गरेर जम्मा २०९ जनामध्य ५२ जना गाँजाको, १३६ जना रक्सीको, १४ जना मर्फिनको, ३ जना हिरोइन र ४ जना ट्याब्लेटको लतमा फसेकाहरू रहेका थिए ।

सेवार्थीहरूको दिर्घ रिकभरिङ्ग, सकारात्मक जिवनयापनमा सहयोग पु-याउन विभिन्नखाले कार्यक्रमहरू संचालनमा परामर्श सेवा महत्वपूर्ण कार्य मध्ये एक हो । जसमा आवासीय सेवार्थीलाई दोय्राएर १२७२ पटक, सेवार्थीका परिवारलाई ६२२ पटक तथा सेवार्थी र सेवार्थीका परिवारलाई सँगै राखि ३४८ पटक परामर्श सेवा प्रदान गरियो । त्यसै गरी आवासीय उपचारमा रहेका महिला तथा पुरुष सेवार्थीलाइ वरिष्ठ









चिकित्सक द्वारा १५ पटक पुरुष र महिला केन्द्रमा निशुल्क क्लिनिक सेवा प्रदान गरियो । सेवार्थीको बानी-व्यवहार र स्वभाव परिवर्तनका लागि आत्मविश्वास र नेतृत्वशीप बढाउने खाले अन्य थेरापेटिक सहयोगी कार्यक्रमहरू जस्तै सेवार्थी विच सेअरिङ्ग मिटिङ्ग १७५ पटक, आत्मजागरण कक्षा २८० पटक, शैक्षिक कक्षा २४४ पटक, डिभोशन कक्षा ३०२ पटक, सेवार्थीको सामुदायिक बैठक २५० पटक र आत्म-मुल्याङ्कन कक्षा ४९ पटक र खेल थेरापी कक्षा ३०४ दिन पुरुषतर्फ संचालन गरियो, भने सेअरिङ्ग मिटिङ्ग १७५ पटक, आत्म-जागरण कक्षा २३१ पटक, शैक्षिक कक्षा १९७ पटक, डिभोशन कक्षा २८८ पटक, सेवार्थीको सामुदायिक बैठक २३७ पटक, आत्म-मुल्याङ्कन कक्षा ४९ पटक र खेल थेरापी कक्षा २९० दिन महिला केन्द्रमा संचालन गरिएको थियो । परामर्श तथा उपचार केन्द्रमा रहेका सेवार्थीहरूको अन्य स्वास्थ्य सम्वन्धि सेवाका लागी नौलो घुम्ति लगायत विभिन्न संघ सस्थाहरूमा: मानसिक रोगको लागि ६४ पटक तथा अन्य रोगका निम्ति ३८ पटक पुरुष तथा महिलालाई सेवार्थी प्रेषण गराइएको थियो । परिवारका सदस्यहरू पनि कार्यक्रमको दृष्टिकोणबाट महत्वपूर्ण सदस्य रहेकाले उनिहरू र सेवार्थीहरू विचको संवन्ध स्थापित गर्ने हेतु परिवारसँग आवस्यकता अनुरुप संचालित बैठकमा उल्लेखनिय सहभागिता रहेको थियो । चाडपर्व मनाउने वा रमाईलो गर्ने उद्देश्यले गरिने कार्यक्रममा लागूपदार्थ विना पनि विभिन्न प्रकारको मनोरञ्जनात्मक गतिविधि संचालन गरि त्यस्ता कार्यक्रमहरू संचालन गर्न सकिन्छ भन्ने उदाहरण सहित पारिवारिक माहौलमा नयाँ बर्ष, दशै, तिहार, महिलाहरूको लागि विशेष तिज पर्व, क्रिश्मस, फागू-पूर्णिमा, शिवरात्री, माघेसंक्राती जस्ता पर्वहरू मनाइयो । त्यसै गरि हरेक व्यक्तीमा रहेका प्रतिभा तथा कला-प्रदर्शन गर्ने विधिका रुपमा सेवार्थीहरूलाई संलग्न गराई डान्स, क्यिज, प्रश्नोत्तर आदि विभिन्न प्रकारको मनोरञ्जनात्मक गतिविधि संचालन गराइएको छ भने परिवार तथा समाजमा सहज वातावरणमा घुलमिल हुनको लागि, सामाजिककरण कार्यक्रम जस्तै सेल्फ-हेल्प ग्रुप बैठक, बाह्रय भ्रमण तथा पिकनिकमा सहभागी गराईयो ।

क्र.सं.	कायक्रमहरू	महिला (पटक)	पुरुष (पटक)
१	डिभोसन (प्रार्थना)	२८८	३०२
२	सामुदायिक बैठक	२३७	२५०
३	Self Evaluation-आत्मामुल्याकन	४९	४९
४	शैक्षिक कक्षा (आन्तरिक)	१९७	२४४
५	स्टेप वर्कआउट (आत्माजागरण प्रश्नउत्तर)	२३१	२८०
६	सेरिङ बैठक	१७५	१७५
७	दैनिकी	२६८	२६८
८	खेल थेरापी	२९०	३०४

उद्देश्य २: लागूपदार्थ उपचार पूरा गरिसकेका सेवाथीहरूको दिगो रिकभङ्गि साथै परिवार तथा समुदायमा पुनर्स्थापित हुन समय-समयमा सेवार्थी तथा परिवारसँगको भेटघाट गरि सामाजिक सिपको विकास, जिवनउपयोगी तालिमको व्यवस्था र रोजगारीका लागी परिवार सगं संयुक्त पुनर्स्थापना योजना बनाउने, प्रेशण गर्ने जस्ता सेवामा सहयोग गर्ने ।



उद्देश्य २ का कार्यक्रम तथा मूख्य उपलब्धिहरू:



- सेवार्थीहरूको उपचार पश्चात सेवार्थीको रोजगारी, अध्ययन, पारिवारिक जिवनको निरन्तरता, सामाजिक सम्बन्धको विकास गराई उनिहरूलाई दिगो रिकभरिङ्ग जीवन विताउन परिवार र समाजबाट सकरात्मक सहयोग प्राप्त हुने वातावरणको सृजना गरिन्छ । जसमा फरक-फरक तरिकाबाट फलो अप गरिएको छ । टेलिफोनबाट महिला र पूरुष सेवार्थी तथा उनिहरूका परिवारलाइ २८५ पटक दोहोऱ्याएर), सेवार्थी आफै संस्थामा आएर भेटघाट २११ पटक (दोहोऱ्याएर) र सेवार्थी तथा परिवारलाई घरदैलो भेटघाट जम्मा ५१ पटक (दोहोऱ्याएर) गरि आवश्यक परामर्श, सहयोग तथा पृष्ठपोषण प्रदान गरिएको थियो ।
- पटक-पटक गरेर यस आ.व.मा पुरुष तर्फ २३ जनाले र महिला तर्फ २ जनाले स्व-सुफुर्त लागूपदार्थ मुक्त सफल जीवनको महोत्सब मनाईयो सेवार्थीलाई रोल मोडेलको रुपमा खादा र अविर द्वारा सम्मान गरिएको थियो । सो कार्यक्रममा सवै जनाले आफ्नो मर्म, भावना, विगतका सिकाई तथा अनुभवहरू सुनाएका थिए ।
- तीन महिने आवासिय उपचार पश्चात अवधि थप गरिएका पुरुष तथा महिला सेवार्थीहरूलाई दिवा सेवाकार्यक्रम अन्तर्गत उनिहरूको सिपविकासको लागी जिविकोपार्जन सिप र बाहिरी जिम्मेवारहरूमा सहभागी गराउनुका साथै परिवारको सहयोग र सुझावमा तालिम तथा रोजगार मा पठाउन सहयोग पू-याइएको छ ।
- लामो समय उपचार लिईरहेका सेवार्थीहरूलाइ दिगो रिकभरिङ्गमा सहयोग पुगोस भनि पुरुषतर्फबाट १जना रिकभरिङ्ग र महिला आवासीय उपचार तथा पुनस्थापनाका लागी १ जना महिला रिकभरिङ्ग स्वयंसेवकलाई छनौट गरि विभिन्न क्रियाकलापमा सहभागी गराई उनिहरूलाई जिम्मेवारी बहन गर्ने अवसर उपलब्ध गराइएको छ ।

उद्देश्य ३: लागूपदार्थ/मद्यपान, सम्वन्धि सामुदायिक सचेतना कार्यक्रम संचालन गर्ने:

लागूपदार्थ/मद्यपान, एचआईभी/एड्स तथा अन्य जोखिम न्यूनिकरण सम्वन्धि अभिमुखिकरण कार्यक्रमहरू तथा नौलो घुम्तीको लागुपदार्थ परामर्श, उपचार तथा पुनर्स्थापना कार्यक्रमको अध्ययन तथा अवलंबन भ्रमणमा आएका

सरोकारवालाहरूलाई कार्यकारी निर्देशक श्री अनेश गुरुङ, कार्यक्रम संयोजक श्री ओम कृष्ण गुरुङ र कार्यक्रम उत्प्रेरक श्री लक्ष्मण पन्त द्वारा कार्यक्रमबारे सहजिकरण गरिएको थियो । कार्यक्रममा तपशिल बमोजिम विभिन्न नर्सिङ-विद्यार्थी, मा.वि. विद्यार्थी, आमा समूह, डाक्टर साथै अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो ।



क्र.सं.	मिती	संस्था	सहभागी	कैफियत
१	२०८१/०४/०५	नेपाल स्काउट, गण्डकी प्रदेश	४०	विद्यार्थी
२	२०८१/०४/०९	मणिपाल डाक्टर	१४	डाक्टर
३	२०८१/०७/१३	श्री कृष्ण मा. वि.	६०	विद्यार्थी
४	२०८१/०९/०४	पोखरा विश्वविद्यालय	३५	विद्यार्थी
५	२०८१/१२/१५	पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान	१९	विद्यार्थी
६	२०८१/०१/३१	चरक मेमोरियल अस्पटल	३९	विद्यार्थी
७	२०८२/०३/०४	लुम्ले समुदाय	३२	समुदाय
८	२०८२/०३/०८	आमा समुह वडा नं. १५	५०	समुदाय
९	२०८२/०३/०३	फिस्टेल नर्सिङ	४०	विद्यार्थी



- लागुपदार्थ/मद्यपान, उपचार, रोकथाम तथा नियन्त्रण का लागि समुदाय विच लागुऔषध दुर्व्यसन तथा एच आई भी/एड्स सम्वन्धी सूचना प्रदान गर्ने उद्देश्य अनुरुप विभिन्न दिवसहरू मध्ये विश्व टेबलटेनिस दिवस कण्डम दिवस, विश्व एड्स दिवस, लागू औषध ओसार-पसार विरुद्धको दिवस, मैनबत्ती स्मृति दिवसहरूमा कास्कीमा रहेका सरोकार संस्थाहरूसँगको समन्वयमा सहभागिता रहयो । त्यसैगरि अन्तराष्ट्रिय एच.आई.भि./एड्सदिवस, विश्व मानसिक स्वास्थ्य दिवस, शहिददिवस, अन्तराष्ट्रिय महिलादिवस आदि कार्यक्रमहरूमा पनि सहभागिता रह्यो ।



उद्देश्य ४: संस्थागत क्षमता बिकासका लागी योजना तर्जुमा, अनुगमन तथा मुल्याङ्कन गरी सरोकारवाला र सरकारी निकायसँग समन्वय र सहकार्य गर्ने:

- उपचारको लागि खेलकुद र व्यायामको आवश्यक्ता रहेकोहुनाले खेल-थेरापी केन्द्रको दैनिक उपचार पद्यतीमा समावेस गरिएको छ । साथै विश्व टेबलटेनिस दिवशको अवसर पारेर

मिती २०८२ वैशाख ८ गते कास्कीमा रहेका उपचार केन्द्रहरू बीच टेबलटेनिस खेलको आयोजना गरियो ।

- सरकारी निकायसँग समन्वय र सहकार्य गर्ने सम्बन्धमा लागुऔषधको उपचारको आवश्यक भएको तर आर्थिक अवस्था न्युन भएका परिवारहरूलाई नगरपालिका तथा जिल्ला प्रशासन कार्यलयको सिफारिस अनुसार शौलियत उपचार सेवा प्रदान गरिएको छ ।

चुनौतीहरू:

१. लागुऔषध उपचारमा वल्झिने (दोहोरिने) अवस्था यथावत नै छ ।
२. सामाजिक भेदभाव र लान्छनाको कारणले उपचारमा कम पहुँच ।
३. धारापानी-१८ मा रहेको पुरुष केन्द्रमा जाने बाटो वर्षाको समय असहज पाईएको छ ।
४. उपचारको क्रममा सेवार्थीलाई अस्पताल भर्ना गर्नु पर्ने अवस्थामा परिवारको असहयोग हुनु ।
५. सेवार्थीलाई उपचारमा राखेर परिवारको सदस्य सम्पर्क विहिन हुने ।



सुझावहरू:

१. पुनर्स्थापना केन्द्रलाई निरन्तरता दिनका लागि स्थानीय निकाय सँग समन्वय र सहकार्य वढाउन पर्ने देखिन्छ ।
२. लागूऔषध उपचार तथा पुनर्स्थापना केन्द्रमा चौंविसै घन्टा सतर्कता परिस्थितिको सामना गर्दै काम गनुपर्ने हुँदा कर्मचारीहरूको मनोवललाई उच्च वनाउन कर्मचारीहरूको प्रोत्साहनको नीति अपनाउन पर्ने देखिन्छ ।
३. उपचारमा लामो समय देखि सफलभएका सेवार्थीहरूलाई उदाहरणिय स्वयंसेवकको रुपमा परिचालन गरिनु आवश्यक छ ।
४. लागूपदार्थ मूक्त भएका सेवार्थीहरूलाई दिवा सेवामा आउने पूर्वाधार र वातावरण बनाउन आबश्यक देखिन्छ । साथै उनिहरूलाई सिपमूलक तालिम दिने संस्थाहरूसगं समन्वय गराई सिपको विकास गरी रोजगारीमा संलगन गराउन सकेमा दिगो पुनर्स्थापन हुन सक्छ ।

एकीकृत सामुदायिक विकास परियोजना

१. परिचय:

सामुदायिक विकास परियोजना शिक्षा, जिविकोपार्जन, स्वास्थ्य, खानेपानी तथा सरसफाई र बाल संरक्षणका क्षेत्रमा काम गर्ने एक एकीकृत परियोजना हो । दातृ निकाय गुड नेवर्स ईन्टरनेशनल नेपालको आर्थिक सहयोगमा नौलो घुम्ती नेपालले यस परियोजना सेप्टेम्वर २०१६ देखि कास्की जिल्लाको मादी गाउँपालिका ८, ९, ११; अन्नपूर्ण गाउँपालिका ४, ६, ७ र माछापुच्छ्रे गाउँपालिका ८ र ९ मा सञ्चालन गर्दै आएको छ भने २०७५/७६ मा मादी गाउँपालिका वडा नं. १० मा पनि कार्यक्रम बिस्तार गरेको छ । बालबालिकाहरूको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्ने मुख्य उद्देश्यका साथ संचालित यस परियोजनाले कास्की जिल्लाका ४२ साझेदार सामुदायिक बिद्यालयमा अध्ययनरत १०९० प्रायोजित विद्यार्थीहरूलाई छात्रवृत्ती सहयोग गर्दै आएको छ। साथै छात्रवृत्ती प्राप्त गर्ने बालबालिकाका अभिभावकलाई प्राथमिकता दिदैं कार्यक्षेत्र भित्रका ६ सहकारी मार्फत आयआर्जनका सहयोगी गतिविधि संचालन गर्दछ । यस बाहेक समुदायमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा सहयोगका लागि कार्य क्षेत्र भित्रका ३९ स्वास्थ्य संस्थाको स्तरोन्नती तथा स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धीमा यस परियोजनाले सहयोग गर्दै आएको छ ।

विगतका बर्षहरूमा जस्तै यस बर्ष पनि शिक्षा, जिविकोपार्जन, स्वास्थ्य, खानेपानी तथा सरसफाई र बाल संरक्षणका कार्यक्रमहरूलाई निरन्तरता दिईयो । एकीकृत सामुदायिक विकास परियोजना अन्तर्गत यस संस्थाले आर्थिक वर्ष २०७८/७९ मा संचालन गरेका गतिविधिहरू र प्राप्त सफलताहरूलाई यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

२. कार्य विवरण:

२.१. शिक्षा तथा बालसंरक्षण :

२.१.१ ग्रामीण समुदायका विद्यार्थीहरूको शिक्षामा पहुँच अभिवृद्धि:



बालबालिकाहरूको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्ने र विद्यालयमा नियमित बनाउने मुख्य उद्देश्यका साथ कार्यक्षेत्रका ४२ सामुदायिक विद्यालयका ८८३ बालबालिकाहरूलाई एक शैक्षिक सत्रका लागि आवश्यक शैक्षिक सामग्रीहरू (कापी, पेन, पेन्सिल, इरेजर, सार्पनर, स्वेटर, र झोला) वार्षिक रुपले स्थानीय सरकार, विद्यालय, सामुदायिक विकास समिति, परियोजना व्यवस्थापन समिति, अभिभावक, शिक्षकहरूको समन्वयमा सहयोग गरिएको छ । यस सहयोगले अध्ययनरत विद्यार्थीहरूलाई विद्यालयमा निरन्तर रहन मदत गर्नुका साथै विद्यालय बिचमै छोड्ने (Drop out) दरलाई पनि क्रमिक रुपमा घटाउँदै लैजान सफल भएको छ । साथ साथै यस कार्यक्रमबाट अभिभावकहरूले बालबालिकाको शैक्षिक सामग्री खरिदको आर्थिक भार कम भएको महसुस गरेका छन् । विद्यालयमा अध्ययनरत परियोजनाबाट प्रायोजित बालबालिकाहरूका लागि वार्षिक रुपले शैक्षिक सामग्री सहयोगसँगै माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण (SEE) २०७ प्रायोजित बालबालिकाहरूका लागि प्रति विद्यार्थी रु. ३ हजारका दरले छात्रवृत्ति रकम उपलब्ध गराउँदै आइरहेको छ । यस सहयोगले बालबालिकाहरूको उच्च शिक्षा अध्ययनमा सहयोग पुगेको छ ।

एकीकृत सामुदायिक विकास परियोजना बाहेकका अति विपन्न ४५ विद्यार्थीहरूलाई पनि नौलो घुम्ती नेपालले

संचालन गर्दै आइरहेको **स्पोन्सर अ ड्रीम प्रोजेक्ट**बाट सन् २०२३ देखि सहयोग गर्दै आइरहेको छ । परियोजनाको यस कार्यमा हातेमालो गर्दै अन्नपूर्ण गाउँपालिका वडा नं ०५ मा अवस्थित श्री जनसिद्ध आ.वि. का ११ जना विद्यार्थीहरूलाई शैक्षिक सत्र २०८० देखि पालिका प्रमुखको उपस्थिती सामग्री सहयोग गर्दै आइरहेको छ ।



२.१.२ **विद्यालयको स्तरोन्नतीमा सहयोग:**

विद्यालयहरूको शैक्षिक तथा भौतिक स्तरोन्नतिका साथै शैक्षिक क्रियाकलापलाई बालमैत्री तथा सूचना तथा संचार प्रविधि मैत्री (ICT in Education) तवरले अगाडि बढाउनका लागि आधार भूत तह देखि नै विविध सहयोग गर्दै आइरहेको छ । परियोजनाको उदेश्य अनुरुप शिक्षामा सूचना तथा संचार प्रविधि मैत्री (ICT in Education) लाई प्राथमिकीकरण गर्दै विद्यालयको स्तरोन्नतीका लागि यस आर्थिक वर्षमा विविध कार्यक्रमहरू संचालन गरिएको छ । प्रविधि मैत्री शिक्षणमा थप टेवा पुऱ्याउने उदेश्यका साथ तपशिल बमोजिमका विद्यालयहरूमा स्मार्ट बोर्ड सहयोग भएको छ । रु १० लाख ७१ हजार ९९४ रुपैया परियोजनाको रु २ लाख ५२ हजार ५६ रुपैया विद्यालयको साझेदारीमा मादी गाउँपालिकाका ५ विद्यालय, अन्नपूर्ण गाउँपालिको २, माछापुच्छ्रे गा.पा.को १ गरी ८ विद्यालयमा स्मार्ट बोर्ड जडान भई नियमित शिक्षण सिकाई क्रियाकलापहरू संचालन हुँदै आइरहेको छ । स्मार्ट बोर्डबाट शिक्षण गर्दा विषयवस्तुको धारणा विकास र सिकाई दीगो हुने कुरा श्री गौरीशंकर मनिलाल मा.वि. का प्रधानाध्यापक रक्ष बहादुर क्षेत्रीले बताउनु भयो ।

यसै गरी माछापुच्छ्रे गा.पा. ०८ मा अवस्थित श्री तारे बराह आ.वि. र श्री बम बहादुर घलेल आ.वि. १ लाख २० हजार रुपैया बराबरको सहयोग क्रमश: १५ र १० थान डेक्स र वेन्च सेट यस वडाका अध्यक्षको उपस्थितीमा हस्तान्तरण कार्यक्रम सम्पन्न भयो । सहयोग पश्चात श्री तारे बराह आ.वि. का कक्षा ८ मा अध्ययनरत छात्र शिशिर अधिकारी पहिले लो टेवलमा बसाई हुँदा हुने समस्याबाट मुक्त भएको अनुभव व्यक्त गरे । त्यसै गरी प्रारम्भिक बालविकास कक्षाकोठा व्यवस्थापनका लागि श्री हिमगिरी आ.वि. माछापुच्छ्रे ८, श्री प्रगतीसदन आ.वि. मादी ९, र श्री लान्द्रुक आ.वि. अन्नपूर्ण ७ मा रु २ लाख ६५ हजार ९०० रुपैया को फर्निचर जन्य सामग्री जेठ २०८२ मा सहयोग भएको छ ।



शिक्षामा सूचना तथा संचार प्रविधिलाई पालिका स्तरबाट प्राथमिकता तथा जोड दिने उदेश्यका साथ यस आर्थिक वर्षमा **सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइ सम्बन्धी रणनीतिक योजना** (२०८२/०८३-२०८६/०८७) निर्माणमा यस गाउँपालिकाका १५ विद्यालयहरूको उपस्थितीमा रणनीतिक योजान निर्माण कार्य सम्पन्न गरी पालिकालाई हस्तान्तरण गर्ने कार्य सम्पन्न भएको छ । कार्यपालिकाको बैठकबाट यस रणनीतिलाई अनुमोदन गरी बजेट बिनियोजन कार्यका लागि पालिकासँग समन्वय तथा सहकार्य भइरहेको छ ।

यसै आर्थिक वर्षमा मादी गा.पा.को श्री राष्ट्रज्योति मा.वि., श्री शोभा आ.वि., माछापुच्छ्रे गा.पा.को श्री हिमगिरी आ.वि. र अन्नपूर्ण गा.पा.को श्री हिमालय मा.वि. मा विद्यालयको जस्तापाता मर्मत कार्यमा विद्यालयसँगको बजेट साझेदारीमा सम्पन्न भएको छ। विद्यालयको रु २ लाख ५० हजार ८ सय २५ रुपैया र परियोजनाको रु ३ लाख ४९ हजार ८ सय ५६ रुपैया गरी कुल ६ लाख ६ सय ८१ रुपैया को लागतका विद्यालयको मर्मत कार्य सम्पन्न ३० माघ २०८१ मा सम्पन्न भयो। मर्मत पश्चात विद्यालयहरूको कक्षाकोठाहरू चुहिने र कक्षामा रहेका सामानहरू बिग्रिने जस्ता समस्याबाट मुक्त भएको कुरा श्री राष्ट्रज्योति मा.वि.का प्रधानाध्यापक विकास सुबेदीले बताउनु भयो।

२.१.३ शौक्षिक क्षेत्रका सरोकारवालाहरूको क्षमता अभिवृद्धि :



परियोजनाको साझेदार १० विद्यालयका २० शिक्षकहरूलाई ३ दिने तालिम बाह्य सहजकर्ताको सहजिकरणमा असार २०८१ मा सम्पन्न भएको थियो। उक्त तालिम पश्चात सहभागी शिक्षकहरूमा आफ्ना विद्यालयहरूमा गई उस्तै विषयवस्तुको तालिम अन्य शिक्षकहरूलाई प्रदान गरियो। उक्त तालिमबाट १२२ जना शिक्षकहरू लाभान्वित भए। तालिम पश्चात शिक्षण सिकाइमा ICT को प्रयोगले गणित अन्तर्गत ज्यामितीको धारणा विकास र सिकाइ दीगो भएको र शिक्षकलाई पनि कक्षा संचालनमा सहज भएको श्री जनकल्याण मा.वि. मादी १० का शिक्षक हरिहर सुवेदीले बताए।

यसै गरी शिक्षालाई सूचना तथा संचार प्रविधि मैत्री बनाउनका लागि मादी गा.पा. का १० विद्यालयहरूमा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रमहरू सञ्चालन गरिएको थियो। उक्त छलफल कार्यक्रममा विद्यालयका विद्यमान समस्याहरू जस्तै पर्याप्त ल्यापटप, प्रोजेक्टर, स्मार्ट बोर्ड, दक्षता, इन्टरनेटको पहुँच जस्ता विषयमा वि.व्य.स. जनप्रतिनिधि, शिक्षक, प्रधानाध्यापक लगायत १९५ जनको उपस्थितीमा कार्य योजना सहित अन्तरक्रिया कार्यक्रम मंसिर २०८१ म सम्पन्न भई विद्यालयले पनि कार्य योजना अनुरुप सम्बन्धित निकायहरू गाउँपालिका, प्रदेश, स्थानीय व्यक्ति, र साझेदार संघसंस्थाहरूलाई समावेश गरी कार्ययोजनालाई मुर्त रुप दिने कुरामा प्रतिवद्धता व्यक्त गरे।



२.१.४ बाल संरक्षण सम्बन्धि स्थानीय स्तरमा क्षमता अभिवृद्धि:

बाल अधिकार, बाल संरक्षण र बाल विवाह पनि यस परियोजनाको मुख्य क्षेत्र रहेको हुँदा बाल अधिकारको सुनिश्चितताका लागि समुदाय स्तर बाटै विभिन्न पैरवी तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू गर्दै आइरहेको छ। यस आर्थिक वर्षमा मादी गा.पा.को वडा ८, ९, १० र ११ गरी ४ वटै वडाहरूमा

बालबालिका सम्बन्धी ऐन २०७५ बमोजिम वडा स्तरीय बाल अधिकार समितिको पुनर्गठन गरिएको छ । गठीत समितिले बाल अधिकारका विषयहरूमा पैरवी गर्दै आइरहेको मादी गा.पा. वडा नं ०८ का अध्यक्ष प्रेम बहादुर गुरुङले बताए । त्यसै गरी समुदाय स्तरमा गठन गरिएको मादी गा.पा. वडा ८, ९, १० र ११ मा २ चरणको बाल अधिकार संरक्षणका विषयहरू जस्तै बाल विवाह, बाल दुर्व्यवहार, विद्यालयमा हुने शारीरिक दण्ड जस्ता बैठकमा छलफल साथै आवश्यक सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गरे ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको सूचना अनुरुप प्रत्येक विद्यालयमा गुनासो पेटिकाको व्यवस्थापन गर्नुपर्ने भएको हुँदा परियोजनाले कार्यक्षेत्रको विद्यालयहरूमा यसै आर्थिक वर्षमा गुनासो पेटिकाको सहयोग गरे पश्चात धेरै विद्यालयहरूमा यसको उद्देश्यमूलक तवरबाट यसको प्रयोग नभएको हुँदा गुनासो सुनुवाइ कार्यविधि २०७४ (पहिलो संशोधन २०७७) का आधारमा १० विद्यालयहरूमा १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गरियो । अभिमुखिकरण पश्चात अधिकतम विद्यालयहरूमा गुनासो सुनुवाइ र यसको व्यवस्थापनमा सहयोग गरेको पाइएको छ ।



मादी गाउँपालिकाका ८ विद्यालयहरूले बाल दिवसको अवसर पारेर अन्तर सदनात्मक हाजिरीजवाफ, हिज्जे, कविता वाचन, वक्तृत्वकला जस्ता प्रतियोगिता बालक्लब कै अग्रसरतामा संचालन गरियो । उक्त कार्यक्रम संचालनका लागि परियोजनाबाट पुरस्कार जन्य सामग्रीहरूका रुपमा कापी र कलम र भित्ते पत्रिका प्रकाशनका लागि स्टेशनरी जन्य सामग्रीहरू उपलब्ध गराइएको थियो । यस किसिमको प्रतियोगिताले विद्यार्थीहरूमा नेतृत्व विकास तथा बालक्लवका गतिविधिहरूलाई निरन्तरता दिने विश्वास श्री पुष्पराज अधिकारी, श्री जनकल्याण मा.वि.का बालक्लवका संरक्षक शिक्षकले बताउनु भयो ।

यसै गरी मादी गा.पा. का ४ विद्यालहरूमा बाल अधिकार, बाल संरक्षण तथा बाल विवाह विरुद्ध विषयक १ दिने तालिम परियोजनाका कार्यरत कर्मचारीको सहजिकरणमा सम्पन्न भएको थियो । कुल १४४ विद्यार्थीहरूको उपस्थितीमा संचालित कार्यक्रममा बाल अधिकारका अवयवहरू, बाल संरक्षणको महत्व र बाल विवाहले निम्त्याउने समस्याहरूमा बारेमा अन्तरक्रिया तथा छलफल, समूह कार्यबाट कार्यक्रम सम्पन्न भयो ।

यस तालिमको उद्देश्य माध्यमिक विद्यालयका विद्याथीहरूलाई व्यक्तिगत विकासका लागि आवश्यक आधारभूत जीवन सीपहरू प्रदान गर्नु थियो । यसमा आफूलाई बुझ्ने, तनाव व्यवस्थापन गर्ने, स्वस्थ पारस्परिक सम्बन्ध निर्माण गर्ने र सञ्चार सुधार गर्ने सीपहरू समावेश थिए । यसका साथै, कार्यक्रमले विद्यार्थीहरूलाई दैनिक जीवनमा, इन्टर नेटमा र प्राकृतिक प्रकोप जस्ता आपतकालीन अवस्थामा कसरी सुरक्षित रहने भन्ने बारेमा मार्गदर्शन गर्ने व्यक्तिगत सुरक्षाका प्रमुख पक्षहरूलाई सम्बोधन गर्यो । तालिमले आवश्यक पर्दा कसरी र कहाँ सहयोग खोज्ने भन्ने कुरामा पनि जोड दियो । यस सन्दर्भमा, बाह्य सल्लाहकार श्री भक्त राज रसाईलीको सहजीकरणमा जुन ३ देखि ८ २०२५ सम्म बराह मा.वि., माछापुच्छे गा.पा. ६, प्रगतिशील मा.वि., अन्नपूर्ण गा.पा. ४, र जनकल्याण मा.वि., मादी गा.पा. १० मा प्रशिक्षण सञ्चालन गरिएको थियो । जीवन सीप र जीविकोपार्जन सीप, आत्म (जागरूकता सीप, अन्तरव्यक्तिगत सम्बन्ध र सञ्चार सीप, तनाव व्यवस्थापन र सकारात्मक सोच, र आत्म सुरक्षा सीपहरूको परिचय तालिमको प्रमुख विषयवस्तु थिए । यस तालिमबाट १६० जना विद्यार्थीहरू लाभान्वित भएको छ ।



विद्यालय जाने विद्यार्थीहरूमा डिजिटल सुरक्षा जागरूकता बढाउन, एकीकृत सामुदायिक विकास परियोजनाले जुन २०२५ मा सँगम माध्यमिक विद्यालय, अन्नपूर्ण गाउँपालिका ०६, लुम्ले र हिमालय माध्यमिक विद्यालय, मादी गा.पा. ०९ गोर्जेमा क्रमशः २६ र २८ जेठ २०८२, १ दिने अभिमुखीकरण कार्यक्रम सफलतापूर्वक सञ्चालन भयो। यो पहल जिल्ला प्रहरी कार्यालय, कास्कीसँगको सहकार्यमा कार्यान्वयन गरिएको थियो र यसलाई प्रहरी वरिष्ठ उपनिरीक्षक श्री होतबहादुर रोकाले सहजीकरण गरेका थिए, जसले डिजिटल सुरक्षा र सुरक्षाका विभिन्न पक्षहरूमा प्रकाश पारेका थिए । सत्रहरू बालबालिका र किशोरकिशोरीहरूले डिजिटल उपकरणहरू र इन्टरनेटको बढ्दो प्रयोगलाई सम्बोधन गर्न डिजाइन गरिएको थियो, जसमा प्रायः अनलाइन संसारको सम्भावित खतराहरूको बारेमा उचित मार्गदर्शन र जागरूकताको अभाव हुन्छ। सत्रहरूमा छलफल गरिएका प्रमुख विषयहरूमा जिम्मेवार इन्टरनेट प्रयोग, अनलाइन गोपनीयताको महत्व, साइबर बुलिङ, व्यक्तिगत जानकारी साझा गर्ने जोखिमहरू, र ठगी र पहिचान चोरी जस्ता सामान्य अनलाइन खतराहरू समावेश थिए । सत्रहरूलाई आकर्षक र सान्दर्भिक बनाउन वास्तविक जीवनका उदाहरणहरू र अन्तरक्रियात्मक छलफलहरू समावेश गरिएको थियो। कार्यक्रममा कुल १७१ जनाले सक्रिय रूपमा भाग लिएका थिए । सत्रहरूले विद्यार्थीहरूलाई डिजिटल स्पेसमा अन्तर्क्रिया गर्नु अघि आलोचनात्मक रूपमा सोच्न प्रोत्साहित गरे र अनलाइन प्लेटफर्महरू प्रयोग गर्दा नैतिक व्यवहारलाई प्रवर्द्धन गरे । सहजकर्ताले व्यक्तिगत डेटा सुरक्षित गर्ने, सुरक्षित पासवर्डहरू कायम राख्ने र इन्टरनेटमा अज्ञात व्यक्तिहरूसँगको सञ्चारबाट बच्ने महत्त्वमा जोड दिए। यो पहल समयसापेक्ष र प्रभावकारी साबित भयो । बालबालिकाहरू यसको जोखिमहरूको पर्याप्त जागरूकता बिना डिजिटल संसारमा बढ्दो रूपमा संलग्न भइरहेका छन् । विद्यार्थीहरूलाई डिजिटल सुरक्षाको बारेमा ज्ञान र व्यावहारिक सीपहरू प्रदान गरेर, कार्यक्रमले युवा पुस्तामाझ थप सूचित, जिम्मेवार र सतर्क डिजिटल नागरिकता सिर्जना गर्न योगदान पुऱ्याएको कुरा श्री हिमालय मा.वि. का सहायक प्र.अ. उत्सममणी भण्डारीले बताउनु भयो ।



अभियान र वकालत कार्यक्रम अन्तर्गत सडक नाटक योजना अनुसार, जुन १३ देखि २३, २०२५, ७ वटा योजनाबद्ध विद्यालयहरूले स्कूलको बाल क्लबको नेतृत्वमा **पश्चाताप** शीर्षकको नाटक प्रस्तुति सफलतापूर्वक आयोजना गरे । नाटकको पटकथा एकीकृत सामुदायिक विकास परियोजनाद्वारा विकसित र प्रदान गरिएको थियो, जसमा स्कूलका जिम्मेवार शिक्षकहरूको सहजीकरण र मार्गदर्शन थियो । नाटकको तयारी विभिन्न मितिहरूमा भएको थियो, जसले उत्साही

विद्यार्थीहरूलाई पूर्वाभ्यास र पटकथा विकासमा संलग्न गराएको थियो। नाटकको मुख्य विषयवस्तुले स्कूल जाने उमेरका बालबालिकाहरूमाझ प्रारम्भिक प्रेम, आकर्षण र बालविवाहको संवेदनशील मुद्दालाई उजागर गरेको थियो। यसले शैक्षिक अवसरहरूको गुमाउनु, व्यक्तिगत विकास र उज्ज्वल भविष्य जस्ता प्रारम्भिक विवाहका प्रतिकूल परिणामहरूको बारेमा बलियो सन्देश दिएको थियो। नाटकले शिक्षाको महत्त्व र प्रारम्भिक विवाहसँग सम्बन्धित जोखिमहरूको बारेमा समुदायमा जागरूकता जगाउने उद्देश्य राखेको थियो ।

वार्षिक योजना अनुसार, १३ जुन २०२५ मा मादी गाउँपालिकामा पालिकास्तरीय बाल क्लब र कचहरी (सार्वजनिक संवाद) मञ्चको सहभागितामा एक महत्वपूर्ण अन्तरक्रिया कार्यक्रम सफलतापूर्वक आयोजना गरिएको थियो । कार्यक्रमले पालिकाका सबै १२ वडाका बाल प्रतिनिधिहरूलाई एकै ठाउँमा ल्याई आफ्नो समुदायमा बाल अधिकार र संरक्षणसँग सम्बन्धित आफ्ना सरोकार र प्रश्नहरू खुलेर उठाउन प्लेटफर्म प्रदान गरेको थियो । बाल क्लबका सदस्यहरूले हाइलाइट गरेका प्रमुख मुद्दाहरू मध्ये स्कूल कम्प्युटर ल्याबहरूको अपर्याप्त स्थिती, पालिकाद्वारा वितरित सेनेटरी प्याड गुणस्तरहिन, विद्यालयहरूमा दैनिक शिक्षण र सिकाइ अभ्यासहरूमा अन्तर, र बाल क्लबहरूको लागि बजेट विनियोजनमा पारदर्शिता र पर्याप्तताको अभाव समावेश थियो । कार्यक्रमको क्रममा सम्बन्धित पालिका अधिकारीहरूले यी प्रश्नहरूलाई ध्यानपूर्वक सम्बोधन गरेका थिए, जसले पारदर्शी र उत्तरदायी वातावरणलाई बढावा दियो । बैठक मादी गाउँपालिकाका अध्यक्ष श्री देवी जंग गुरुङ, वडास्तरीय बाल क्लब प्रतिनिधिहरू र प्रमुख सरोकारवालाहरूको उपस्थितिमा आयोजित गरिएको थियो। कार्यक्रमको एउटा उल्लेखनीय परिणाम बाह्य सहजकर्ता श्री केशव प्रसाद पौडेलले गर्नुभएको प्रस्तुति थियो, जसले मादी गा.पा.मा बाल अधिकारको वर्तमान स्थिती, बालमैत्री स्थानीय शासन ढाँचाका सूचकहरू पूरा गर्न संस्थागत प्रतिबद्धता र अन्तर एजेन्सी सहकार्यको महत्त्वमा जोड दिनुभयो ।



१८ देखि २१ मे २०२५ सम्म, माछापुच्छ्रे गाउँपालिका ०८ र अन्नपूर्ण गाउँपालिका ०६ मा बाल संरक्षण अभियन्ता र सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्न दुई समानान्तर तालिम कार्यक्रमहरू सफलतापूर्वक सञ्चालन गरियो । सत्रहरूको सहजीकरण गण्डकी प्रदेशको राष्ट्रिय बाल अधिकार परिषद्का श्री बद्री प्रसाद वाग्लेले गर्नुभएको थियो । १८ र २० मे २०२५ मा, माछापुच्छ्रे गाउँपालिकाका बाल अधिकार समितिका सदस्यहरूलाई क्षमता विकास तालिम प्रदान गरिएको थियो । त्यस्तै, १० र ११ मे मा, अन्नपूर्ण गाउँपालिकामा बाल संरक्षणमा संलग्न सरोकारवालाहरूले तालिम प्राप्त गरे । यी कार्यक्रमहरू नौलो घुम्ती नेपालको सहयोगमा सञ्चालन गरिएको थियो, जसले समग्र समन्वय र व्यवस्थापन



गर्यो । तालिमले बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि अन्तर्गत परिभाषा, मुख्य सिद्धान्तहरू र प्रमुख प्रावधानहरू जस्ता महत्वपूर्ण बाल संरक्षण विषयवस्तुहरू समेटेको थियो । नेपालमा कानुनी रूपरेखा, सरकारी र गैर (सरकारी अभियन्ताहरूको भूमिका, सिफारिस मार्गहरू, दुर्व्यवहारका प्रकारहरू, प्रारम्भिक पहिचान, र रिपोर्टिङ संयन्त्रहरूबारे विस्तृत रूपमा छलफल गरिएको थियो । अन्तर एजेन्सी समन्वय, दस्तावेजीकरण अभ्यासहरू, र सुरक्षा प्रतिक्रिया र समन्वयको लागि स्थानीय(स्तरीय कार्य योजनाहरूको विकासमा थप ध्यान दिइएको थियो। विशिष्ट अतिथिहरूमा माछापुच्छे गाउँपालिका ०८ का अध्यक्ष श्री राम गुरुङ र अन्नपूर्ण गाउँपालिका ०६ का अध्यक्ष श्री एकदेव देवकोटा उपस्थिती रहेको थियो ।

२.२ जनस्वास्थ्य:

२.२.१ ग्रामीण क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा सहयोग:

कार्यक्षेत्रमा रहेका जन स्वास्थ्यका कार्यक्रमहरू संचालन गर्न परियोजनाले निम्न स्वास्थ्य संस्थासँग सहकार्य गर्दै आएको छ ।

क्र.सं.	स्वास्थ्य संस्थाको नाम	कार्य क्षेत्र
१	मिजुरे आधारभूत स्वास्थ्य सेवा केन्द्र	मादी गाउँपालिका ८, नागिधार
२	मिजुरे स्वास्थ्य चौकी	मादी गाउँपालिका ९, गोंजे
३	भाचोक स्वास्थ्य चौकी	मादी गाउँपालिका १०, भाचोक
४	थुम्सीकोट प्राथमिक स्वास्थ्य सेवा केन्द्र	मादी गाउँपालिका १०, थुम्सीकोट
५	सैमराङ्ग स्वास्थ्य चौकी	मादी गाउँपालिका ११, सैमराङ्ग
६	भेडाबारी प्राथमिक स्वास्थ्य सेवा केन्द्र	माछापुच्छ्रे गाउँपालिका ६, भेडाबारी
७	आधारभूत स्वास्थ्य सेवा केन्द्र	माछापुच्छ्रे गाउँपालिका ८, ठाँटी
८	ल्वाङ सामुदायिक स्वास्थ्य इकाई	माछापुच्छ्रे गाउँपालिका ८, ल्वाङ
९	सिदिङ् सामुदायिक स्वास्थ्य इकाई	माछापुच्छ्रे गाउँपालिका ९, सिदिङ
१०	ल्वाङघलेल स्वास्थ्य चौकी	माछापुच्छ्रे गाउँपालिका ९, सेतीखोला
१!	सल्यान स्वास्थ्य चौकी	अन्नपूर्ण गाउँपालिका ४, सल्यान
१२	लुम्ले स्वास्थ्य चौकी	अन्नपूर्ण गाउँपालिका ६, माझगाँउ
१३	आधारभूत स्वास्थ्य सेवा केन्द्र	अन्नपूर्ण गाउँपालिका ६, लुम्ले
१४	तोल्का सामुदायिक स्वास्थ्य इकाई	अन्नपूर्ण गाउँपालिका ७, तोल्का



प्रत्येक वर्षहरूमा जस्तै यस वर्ष पनि बालबालिकाहरूको स्वास्थ्य अवस्थाका बारे जानकारी प्राप्त गर्नका लागि स्थानीय स्वास्थ्य संस्था तथा विद्यालयहरूसँग समन्वय गर्दै बालबालिकाहरूको सामान्य स्वास्थ्य परीक्षण गरियो । स्वास्थ्य परिक्षणका लागि गाउँघर क्लिनिकको पनि परिचालन गरिएको थियो । यस आर्थिक वर्ष २०८१/८२ मा सामान्य स्वास्थ्य परीक्षण सन्चालनबाट हालसम्म १०९० बालबालिकाहरू लाभान्वित भएका छन् । स्थानीय

स्वास्थ्य संस्थाबाट बार्षिक रुपमा स्वास्थ्य परीक्षण गर्दै जाँदा बालबालिकाहरूमा स्वास्थ्य जाँच तर्फ चासो बढेको छ भने अभिभावकहरूले पनि समय समयमा आफ्ना बालबच्चाको स्वास्थ्य जाँच गर्नुपर्ने बिषयमा जानकार भएका छन् ।



यसै वर्ष अजिता बिक (NPL-०१२२-०००६५४) लाई मधुमेह भएको र २२ मार्च २०२४ मा उपचारको लागि रु ४५ हजार ९ रुपैया सहयोग गरियो साथै अमित भुजेल (NPL-०१२२-००१२३२) को दायाँ अण्डकोष (R± VDT) को शल्यक्रिया गरेको र सो को उपचार खर्च रु १४ हजार ३ सय ६५ रुपैया, २२ मार्च २०२४ मा सहयोग गरियो । त्यसैगरी दिवान परियार (NPL-०१२२-००१५७४) लाई उनको रेफर पेपर अनुसार श्रवणशक्ति गुमाउने जोखिम रहेको र कान दुख्नका कारण सानो शल्यक्रिया गरिएको थियो र सो को उपचार खर्चका लागि रु. २८,३०९ सहयोग गरियो । आयुष परियार (NPL-०१२२-००१६३०) नामक प्रायोजित बच्चालाई हिँड्दा चिप्लिएर लडेर टाउकोमा चोट लागेकोले उनको उपचार खर्चको लागि रु १० हजार १ सय ४५ रुपैया सहयोग गरियो । तृशा गुरुङ (NPL-०१२२-००१३३४) लाई तल्लो पेट दुख्ने, ज्वरो आउने, बान्ता हुने र पिसाब सम्बन्धी समस्याहरू सहित गम्भीर लक्षणहरू देखा परेको र उनको उपचार खर्चको लागि रु. १२,०९४.०० सहयोग गरियो । समीक्षा अधिकारी (NPL-०१२२-०००३३९) लाई तल्लो पेटमा गम्भीर दुखाइको साथ हाइड्रोनेफ्रोटिक दाहिने मिर्गौलाको निदान भएपछि, उनको दाहिने मिर्गौलाको शल्यक्रियाको लागि रु २६ हजार १ सय ३ रुपैया सहयोग गरियो ।

त्यसैगरी कुशल क्षेत्री (NPL-०१२२-००१६१४) लाई एपेन्डिसाइटिस भएको हुदाँ सो को उपचार गर्दाको उपचार खर्च रु. ७ हजार ६ सय ४ रुपैया बराबरको सहयोग गरियो । कुशल गुरुङ (NPL-०१२२-००१७२८) को लडेर हात भाच्चिएकाले सो को उपचार गर्दाको खर्च जनवरी २०२५ मा रु. १२ हजार ४ सय ९४ रुपैया सहयोग गरिएको थियो । बसन्त पौडेल (NPL-०१२२-०००५९२), अण्डकोषको दुखाइका कारण सानो शल्यक्रिया गरिएको थियो र सो को उपचार गर्दाको खर्चको लागि, ११ अप्रिल २०२५ मा रु. १२ हजार ४ सय ९४ रुयैंया सहयोग गरियो साथै समीक्षा अधिकारी (NPL-०१२२-०००३३९), लाई पहिलो शल्यक्रियाको घाउ निको नभएको र दोस्रो शल्यक्रिया आवश्यक परेकोले उनको दोस्रो शल्यक्रियाको उपचार गर्दाको खर्चको लागि, ५ मे २०२५ मा उनलाई रु. २९ हजार ५ सय ३० रुपैया सहयोग गरियो ।



ग्रामीण क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवाको सहज पहुँचका लागि परियोजनाको कार्यक्षेत्रमा रहेको मादी गाउपालिकाका ६ ओटा स्वास्थ्य संस्थाहरूलाई २०२४ जुनमा मिजुरे स्वास्थ्य चौकी, मिजुरे आधार भूत स्वास्थ्य सेवा केन्द्र, भाचोक स्वास्थ्य चौकी, थुमसिकोट प्राथमिक स्वास्थ्य सेवा केन्द्र, मादिबेशी आधारभूत स्वास्थ्य सेवा केन्द्र र तारकाङ आधारभूत स्वास्थ्य सेवा केन्द्रका सुविधाहरूमा पानीको गुणस्तर र स्वच्छता मापदण्डहरू सुधार गरेर स्वास्थ्य सेवाहरू बढाउने र पानीजन्य रोगहरू कम गर्ने उद्देश्यले युरो गार्ड सहयोग गरियो ।

त्यसै गरी अन्नपूर्ण गा.पा.को सल्यान स्वास्थ्य चौकी, लुम्ले आधारभूत स्वास्थ्य सेवा केन्द्र, लुम्ले स्वास्थ्य चौकी, तोल्का सामुदायिक स्वास्थ्य इकाईमा सेवा सुधारका लागि २०८२ बैशाख ११ र १९ गते रु २ लाख ६४ हजार ९ सय ५४ बराबरको फर्निचर सामग्री र स्वास्थ्य उपकरण हस्तान्तरण गरियो साथै १५ विद्यालय र ३ स्वास्थ्य संस्थाहरूमा WASH मापदण्ड सुधार गर्न, अन्नपूर्ण, मादि र माछापुच्छ्रे गाउँपालिकाका १५ विद्यालय र ३ स्वास्थ्य संस्थाहरूमा २०८२ बैशाख १९ गते रु २ लाख ८९ हजार ३० बराबरको सरसफाइ किटहरू हस्तान्तरण गरियो ।

२.२.२ समुदायमा स्वास्थ्य सचेतनाका लागि स्वास्थ्य कर्मी र महिला स्वास्थ्य स्वंयम सेविका परिचालन:



मादी गाउँपालिका वडा नं.- ५ र ९, स्थीत मादिबेशी आधारभूत स्वास्थ्य सेवा केन्द्र र मिजुरे स्वास्थ्य चौकी गरी २ स्वास्थ्य संस्थाका १५ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई आमा समूह बैठक सहजिकरणका लागि प्रत्येक महिनाको १ दिन परिचालन भई आमा समूह बैठक सन्चालन गरी स्वास्थ्य सम्बन्धी विषयबस्तुमा छलफलगर्ने र समुदयमा देखा परेका स्वास्थ्य समस्यालाई पनि समाधानको लागि सहजिकरण गर्ने लगायत समग्रमा स्वास्थ्य आमा समूहलाई सशक्तिकरण गर्ने उदेश्यले प्रत्येक म.स्वा.स्व.से. लाई ४ सयका दरले यातायात खर्च र मासिक बैठक को लागि रु १ सयका दरले खाजा खर्च गरी ५ महिना सम्म आर्थिक तथा प्राबिधिक सहयोग गरियो ।

त्यसै गरी खानेपानी सरसफाइ र स्वच्छता सम्बन्धी मिजुरे स्वास्थ्य चौकीमा मादी गाउपलिकाका स्वास्थ्य संयोजक श्री गोपाल बरालको प्रशिक्षणमा म.स्वा.स्व.से. हरूलाई २ दिने तालिम संचालन गरियो साथै मिजुरे आधारभुत स्वास्थ्य सेवा केन्द्र र भाचोक स्वास्थ्य चौकीका म.स्वा.स्व.से. हरूलाई पनि १ दिने अभीमुखिकरण गरियो ।

मादी गाउँपालिकाका सबै स्वास्थ्य संस्थाका प्रमुख स्वास्थ्यकर्मीहरू र स्वास्थ्य संस्था सञ्चालन व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरूको सहभागितामा स्वास्थ्य संस्थामा पानी र सरसफाइ सुधार उपकरण (WASH FIT) सम्बन्धी तालिम जुन २० देखि २२, २०२४ सम्म मादी गाउँपालिकाको वडा-५ स्थीत मादीबेशी आधारभूत स्वास्थ्य सेवा केन्द्र चितेपानीमा ३ दिने तालिम सञ्चालन गरिएको थियो । गुड नेबर्स इन्टरनेशनल नेपालका जनस्वास्थ्य प्रबन्धक श्री राम नरेश यादवको प्रशिक्षणमा स्वास्थ्य संस्थाका आवश्यकताहरू मूल्याङ्कन गर्न, स्रोतहरूलाई प्राथमिकता दिन र दिगो सेवा वितरणमा सुधार गर्न सहभागीहरूको क्षमता निर्माण गर्ने उद्देश्यका साथ कार्यक्रम सम्पन्न गरियो ।



त्यसै गरी मादी गाउँपालिकाकै सबै स्वास्थ्य संस्थाका नर्स, पारामेडिक्स र कार्यालय सहयोगीहरूको सहभागितामा संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी ३ दिने तालिम २०८१ असोज ६ देखी ८ सम्म संचालित तालिमको मुख्य उद्देश्य संक्रामक रोग वा हेल्थकेयर सम्बन्धित संक्रमणलाई स्वास्थ्य सेवा केन्द्रहरूमा फैलाउन नदिनु रहेको थियो । स्वास्थ्यकर्मीहरूको संक्रमण

रोकथामको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यो तालिम सञ्चालन गरिएको हो । तालिमको सहजीकरण गण्डकी मेडिकल कलेजकी प्रोफेसर प्रशिक्षक श्री दिप्ती बन्जाराले गर्नुभएको थियो । त्यसै गरी अन्नपूर्ण गाउँपालिकामा सोही तालिम २०८२ असार १ देखी ३ सम्म सञ्चालन गरियो ।

२.२.३ महिनावारी स्वच्छता व्यवस्थापन



१४ वटा योजनाबद्ध कार्यक्रमहरू मध्ये, श्री जनकल्याण माध्यमिक विद्यालय, जनमन्दिर आधार भूत विद्यालय र सँगम माध्यमिक विद्यालय गरी तीन वटा विद्यालयमा कक्षा ६ देखि ९ सम्मका विद्यार्थीहरूलाई लक्षित गरी चारवटा महिनावारी स्वच्छता व्यवस्थापन (MHM) अभिमुखिकरण कार्यक्रम सञ्चालन गरियो । महिनावारी, सरसफाइ, र सामाजिक रूढिवादीहरू सम्बन्धी चेतना अभिवृद्धि गर्न अन्तरक्रियात्मक गतिविधि–जस्तै प्रश्नोत्तर, भिडियो, र समूह छलफल–मार्फत जानकारी प्रदान गरी विद्यालयका शिक्षक तथा व्यवस्थापन समितिको सक्रिय सहभागिताले संस्थागत सहयोगलाई अझ बलियो बनायो । २०२५ को महिनावारी स्वच्छता दिवस मार्च २८ मा सँगम माध्यमिक विद्यालयमा महिनावारी सम्बन्धी हाजिरी जवाफ प्रतियोगिता सहित मनाइयो र कार्यक्रममा लैङ्गिक समावेशी सिकाइ, महिनावारी सम्बन्धी कलंक न्यूनीकरण, र खुला संवादलाई प्रोत्साहन गरिएको थियो ।

२.२.४ बालमैत्री हात धुने स्टेशन र फोहोर व्यवस्थापनका लागि फोहोर फाल्ने पिट निर्माण कार्यक्रम



मादी गाउँपालिकाका स्वास्थ्य संस्थाहरूमा सञ्चालित WASH–FIT कार्यक्रम अन्तर्गत, २०२४ मा मिजुरे आधारभूत स्वास्थ्य सेवा केन्द्र (मादी गा.पा.-८), मिजुरे स्वास्थ्य चौकी (मादी गा.पा.-९), भचोक स्वास्थ्य चौकी र थुम्सिकोट प्राथमिक स्वास्थ्य केन्द्र (मादी गा.पा.-१०), र लुम्ले स्वास्थ्य चौकी (अन्नपूर्ण गा.पा.-७) गरी चारवटा बालमैत्री हात धुने स्टेशनहरू र फोहोर व्यवस्थापनका लागि पाँचवटा फोहोर फाल्ने पिट निर्माण कार्यक्रम सम्पन्न गरियो ।



त्यसैगरी २०२५ मा प्रभात आधारभूत विद्यालय (मादी गा.पा.-८), सल्यान स्वास्थ्य चौकी (अन्नपूर्ण गा.पा.-४), र लुम्ले आधारभूत स्वास्थ्य सेवा केन्द्र (अन्नपूर्ण गा.पा.-६) गरी थप चारवटा स्थानहरूमा हात धुने स्टेशनहरू र फोहोर व्यवस्थापनका लागि फोहोर फाल्ने पिट निर्माण कार्य भइरहेको छ । सुरुमा तिनवटा स्थानहरूमा मात्रै निर्माणको योजना रहेको तर, ती तिनवटै स्थानहरूको सफल समन्वय र आर्थिक

साझेदारीका कारण बाँकी बजेटको प्रयोग गरी थप एउटा हात धुने स्टेशन बालकल्याण आधारभूत विद्यालय (मादी गा.पा.-९) मा विद्यालयको सहकार्य आर्थिक साझेदारीमा निर्माण भइरहेको छ ।

२.३ जिविकोपार्जन

२.३.१ ग्रामीण सहकारीहरूको क्षमता अभिबृद्धिमा सहयोग:

परियोजनाले कास्की जिल्लाको कार्यक्षेत्र भित्र पर्ने आर्थिक रूपमा विपन्न वर्गहरूलाई जीविकोपार्जनका कार्यक्रमहरूमा सहभागी बनाई आयआर्जनमा सहयोग पुऱ्याउन कास्की जिल्लाको स्थानीय सहकारी संस्थाहरूसँग सहकार्य गर्दै आइरहेको छ ।

क्र.सं.	सहकारीको नाम	स्थान
१	कान्छी बराह महिला विकास वचत तथा ऋण सहकारी संस्था लि.	अन्नपूर्ण गाउँपालिका ६, लुम्ले
२	तोल्का वचत तथा ऋण सहकारी संस्था लि.	अन्नपूर्ण गाउँपालिका, ७, तोल्का
३	तोगीलम्तरी कफी उत्पादक सहकारी संस्था लि.	मादी गाउँपालिका ११, सैमराङ्ग
४	मर्दीबराह महिला विकास वचत तथा ऋण सहकारी संस्था लि.	माछापुच्छ्रे गाउँपालिका ८, लुम्रे
५	पञ्चधाम कृषी विकास सहकारी संस्था लि.	अन्नपुर्ण गाउँपालिका ४, देउराली
६	मिजुरेमिलन कफी उत्पादक सहकारी संस्था लि.	मादी गाउँपालिका ८, नागिधार

परियोजनाले कास्की जिल्लाका अतिविपन्न सहकारी सदस्यहरूलाई व्यावसायिक सिप प्रशिक्षण, वित्तीय सहयोग र विगतका घुम्ती कोष सहयोग प्रदान गर्दै आएको छ भने सहकारीहरूले आफ्नो क्षेत्रका अति विपन्न घरधुरी र परियोजनाबाट सहयोग पाउने बालबालिकाका परिवारलाई सदस्य बनाई वित्तीय सहयोग गर्दछन् । यसका साथै प्राकृतिक खेती, अगुवा कृषक तालिम, बिउँ सहयोग, सहकारी सञ्जाल बैठक, मूल्याङ्कन र व्यवसायिक क्षमता विकास तालिम जस्ता सहकारी सुदृढीकरणका गतिविधिहरू सञ्चालन गरिएको छ । साथै, प्रत्येक सहकारीका व्यवस्थापकहरूलाई प्रशासनिक कार्य सहज बनाउन तथा कागजात व्यवस्थापनमा सहयोग गर्न प्रोत्साहन स्वरुप मासिक रु ३५ सय सहयोग प्रदान गरेको छ ।

२.३.२ प्राकृतिक खेती तालिम:

प्राकृतिक खेती भनेको रासायनिक मल र कीटनाशकबिना स्थानीय संसाधनको प्रयोग गरेर गरिने एक स्थायी खेती विधि हो जसले माटोमा सूक्ष्म जीवहरूको सक्रियता बढाएर बिरुवाका लागि आवश्यक पोषक तत्व उपलब्ध गराउँछ। यस प्रणालीमा जैविक छापो, सूक्ष्मजीव IMO, न्यून खनजोत, कम्पोष्ट र जैविक विषदी जस्ता स्थानीय सामग्री प्रयोग गरिन्छ जसले उत्पादन लागत घटाउँदै उत्पादनको गुणस्तर र माटोको उर्वरा शक्ति बढाउँछ। नेपाल जस्तो विकासशील देशमा जहाँ साना कृषक घरधुरी बढी छन् र स्थानीय जडीबुटी उपलब्ध छन यो शून्य लागत प्राकृतिक खेती विधिले स्वस्थ्य खाद्य उत्पादन, वातावरण संरक्षण र रोजगारी सृजनाको सम्भावना बढाएर आत्मनिर्भर भई अर्थतन्त्र निर्माणमा महत्वपूर्ण योगदान दिदैँ आएको छ ।

२.३.३ सहकारी सञ्जाल बैठक:

परियोजना क्षेत्रका ६ वटा सहकारी संस्थाका अध्यक्ष, व्यवस्थापक, २ जना कृषक प्रतिनिधि र क्लस्टर संयोजक रंजीत कुमार चौधरी सहित जम्मा १४ जनाको उपस्थितिमा भएको बैठकले सन् २०२५ सम्म घुम्ती कोषबाट गरिएको लगानीको असुली गरी पुनः लगानी गर्ने सम्झौता गरेको छ भने सबै सहकारीले ८५ चुक्ता दर पूरा गर्ने लक्ष्य

राखिएको छ। यसैगरी, सहकारीहरूलाई प्राकृतिक खेतीसँग जोड्ने विषयमा छलफल भई कृषकहरूलाई जैविक खेती प्रविधि र सहकारीको बचत र लगानी प्रणालीबीच समन्वय गर्न मद्दत गर्ने निर्णय गरिएको छ। बैठकले घुम्ती कोषको टिकाउने प्रबन्धन गर्न क्लस्टर संयोजक र सहकारी प्रतिनिधिहरूले अनुगमन गर्ने र लक्ष्य पूरा गर्न सहयोग गर्ने निर्णय गरेको छ जसले गर्दा सहकारीको आर्थिक अनुशासन र कृषि विकास दुबैलाई बढावा दिने अपेक्षा राखिएको छ। आयआर्जन कार्यक्रमले मादी गाउँपालिकाको वडा नं. ०९ १०, ११, माछापुछ्रे वडा नं. ८ र ९ र अन्नपूर्ण गाउँपालिका वडा नं. ४, ६ र ७ का कृषकहरूलाई प्राकृतिक खेतीमा प्रशिक्षण र सहजीकरण गराएर यसलाई व्यवसायीकरण गर्ने पहल गरेको छ। यस अन्तर्गत साना र मझौला कृषकहरूलाई एकीकृत सामुदायिक विकास परियोजनाबाट प्राकृतिक खेती र पशुपालनको समन्वय गर्न प्रोत्साहित गरिएको छ। हाम्रो स्थानीय भूगोलमा उपलब्ध वानस्पतिक जडीबुटीको प्रयोग गरी शून्य लागतमा गरिने यस प्राकृतिक खेतीले स्वस्थ खाद्य उत्पादन, वातावरण संरक्षण र रोजगारी सृजनाको महत्वपूर्ण अवसर प्रदान गरेको छ। यसले आत्मनिर्भर अर्थतन्त्र निर्माणमा ठूलो योगदान पुग्ने अपेक्षा गरिएको छ। ३० जना लक्षित कृषकहरूलाई प्रशिक्षण दिने योजना भए तापनि हालसम्म ३८ जनालाई स्रोत व्यक्तिहरूको मार्फत प्रशिक्षण दिई सकेको छ।



परियोजनाले सहकारी संस्थाहरूको व्यवस्थापनमा सहयोग पुर्याउँदै आएको छ। विगतका वर्षहरू जस्तै यस वर्ष पनि २०२५ सालमा जनवरी देखि प्रत्येक सहकारी संस्थाका व्यवस्थापकहरूलाई सहकारी व्यवस्थापन सहयोग अन्तर्गत मासिक रु ३५ सयका दरले आर्थिक सहयोग प्रदान गरिदै आएको छ। यो रकम अघिल्लो वर्षको सहकारी मूल्याङ्कनमा देखिए अनुसार सहकारीहरूले पठाउनु पर्ने कागजात तथा प्रतिवेदनहरूको मात्रा बढी भएकोले कर्मचारीको तलबमा थप सहयोग गर्ने उद्देश्यले बढाइएको हो।

हालसम्म परियोजनाले सहकार्य गर्ने सबै ६ वटा सहकारी संस्थाहरूलाई जनवरी २०२५ देखि नै यो व्यवस्थापन सहयोग रकम उपलब्ध गराइसकेको छ। यसका लागि न्यूनतम ८५५ चुक्ता दर पूरा गरेको शर्त राखिएको छ जुन सबै सहकारीहरूले पूरा गरेका छन्। यसले सहकारी संस्थाहरूको कार्यक्षमता बढाउन महत्वपूर्ण योगदान दिएको छ।

२.३.४ सहकारी Software AMC नविकरण सहयोग:

परियोजनाले सहकारी संस्थाहरूको प्रविधिक क्षमता अभिवृद्धि गर्न विगतका वर्षहरू जस्तै यस वर्ष पनि सहकारी व्यवस्थापकहरूलाई वार्षिक रु २४ हजारका दरले गुरु सफ्टवेयर नवीकरण सहयोग प्रदान गरिदै आएको छ। यो कार्यक्रम Good Neighbors International Nepal को आर्थिक र प्राविधिक सहयोगमा नौलो घुम्ती नेपाल द्वारा संचालित छ, जुन कास्की जिल्लामा लागू गरिएको छ। यस पटक यो सहयोग बराहा सहकारी सहित यस क्षेत्रका छनोट भएका छ वटा सहकारी संस्थाहरूलाई प्रदान गरिएको छ, जसले गर्दा तिनीहरूको परिचालन दक्षता र व्यवस्थापन क्षमतामा सुधार आउने अपेक्षा छ । कार्यक्रमले यी सहकारीहरूले प्रयोग गरिरहेको गुरु सफ्टवेयरको निरन्तर प्राविधिक सहयोग, अद्यावधिकरण (update) र कार्यप्रणाली सुचारु राख्न मद्दत गर्दछ। यसले सहकारीहरूको लेखा/जोखा, सदस्य व्यवस्थापन र सेवा वितरण प्रक्रियालाई अझै पारदर्शी र प्रभावकारी बनाउँछ, जसले गर्दा सदस्यहरूलाई राम्रो सेवा प्राप्त गर्न सजिलो हुनेछ।

२.३.५ पर्यावरण मैत्री विद्यालय करेसाबारी कार्यक्रम:

यो अभियान विद्यार्थिहरूले सिक्दै कमाउदै कार्यक्रम अन्तर्गत मादी गा. पा. को जनमन्दिर आधारभुत विद्यालयगमा गत वर्ष देखी र माछापुच्छ्रे गा पा को श्री तारे बराह आधारभुत विद्यालय, र अन्नपूर्ण गा.पा. को श्री सँगम माध्यामिक विद्यालयमा सञ्चालन भएको छ। यसको मुख्य उद्देश्य विद्यार्थीहरूलाई प्राकृतिक खेतीसँग परिचित गराउनु, पर्यावरण अनुकूल कृषि पद्धतिको प्रवर्द्धन गर्नु, र विद्यालय स्तरमै ताजा तथा जैविक फलफूल र तरकारी उत्पादन गर्न सक्षम बनाउनु यस वर्षको अभिमुखीकरण सम्पन्न यस वर्षको प्राकृतिक खेती अभिमुखीकरण कार्यक्रम सबै विद्यालयहरूमा सफलतापूर्वक सम्पन्न भएको छ। विद्यार्थी, शिक्षक, र अभिभावकहरूलाई प्राकृतिक खेती, कम्पोष्ट बनाउने तरिका, र प्राकृतिक कीटनाशकको प्रयोगबारे जानकारी दिइएको छ। ११७ जना विद्यार्थीहरू यस अभियानमा सक्रिय रूपमा संलग्न छन्। टनेल खेती (ग्रीनहाउस)को प्रयोग गरेर मौसम र बेमौसममा पनि तरकारी उत्पादन गर्न सकिने प्रविधि सिकाइएको छ। यसले विद्यार्थीहरूलाई वैज्ञानिक खेती पद्धति र जलवायु अनुकूलन बारे प्रत्यक्ष अनुभव दिन मद्दत गरेको छ।

पर्यावरण मैत्री विद्यालय करेसाबारी बनाएर आफ्नै विद्यालयमा उमारिएका तरकारीहरू प्रयोग गर्न पाउँदै छन्। प्राकृतिक मल बनाउने तरिका र जैविक कीट नियन्त्रण बारे प्रशिक्षण दिइएको छ। यस कार्यक्रमले विद्यार्थीहरूलाई स्वस्थ खानाको महत्व र स्थायी कृषि बारे जागरूक बनाउने लक्ष्य राखेको छ। यसरी, पर्यावरण मैत्री विद्यालय करेसाबारी अभियानले न केवल विद्यार्थीहरूलाई प्रायोगिक शिक्षा दिन मद्दत गरिरहेको छ, तर साथै प्राकृतिक खेती प्रति रुचि जगाउन महत्त्वपूर्ण भूमिका खेलिरहेको छ।



२.३.६ प्राकृतिक खेती (TOT) तालिम:

प्राकृतिक खेती (TOT) तालिम को योजना ३० जना अगुवा किसानहरूलाई प्रशिक्षण दिने बनाइएको थियो, र यस वर्ष अन्नपूर्ण माछापुच्छ्रे र मादी गाउँपालिकाबाट कुल ३९ जना अगुवा किसानहरूलाइ अप्रिल २०२५मा यो प्रशिक्षण प्राप्त गर्नु भयको छ भने ICDP प्रोजेक्ट अन्तर्गत Technical Support & Reporting र CBDO सहकारी व्यवसाय विकास अधिकारीको सहयोगमा यसरी १५ वटा समूहका ३०० जना किसानहरूलाई प्राकृतिक खेतीको तालिम दिइएको छ। यसैगरी, २०२४ मा प्रोजेक्टले १० जना स्थानीय संसाधन व्यक्तिहरू (LRP) लाई प्रशिक्षण दिएर तिनीहरूलाई आफ्नै क्षेत्रमा अरू किसानहरूलाई प्राकृतिक खेती सिकाउने जिम्मेवारी दिइएको थियो यी प्रशिक्षणहरूले किसानहरूको क्षमता अभिवृद्धि गर्दै प्राकृतिक खेती प्रवर्धन, सहकारी माध्यमबाट कृषि व्यवसाय विकास, र स्थानीय स्तरमा प्रशिक्षकहरूको संजाल विस्तार गर्न मद्दत गरेको छ, जसले ग्रामीण क्षेत्रमा दिगो कृषि अभ्यास र आर्थिक सशक्तिकरणलाई अझ बढावा दिने अपेक्षा राखिएको छ।

२.३.७ कृषकलाई तरकारी बिउ बिज सहयोग:

परियोजनाले कार्यक्षेत्र भित्रका कृषकहरूलाई विभिन्न मौसममा यस वर्षमा दुई पटक तरकारीका बीउ सहयोग पुर्याउँदै उत्पादन क्षमता बढाउन र खाद्य सुरक्षा कायम गर्ने महत्वपूर्ण पहल सञ्चालन गरिएको छ। विशेष गरी २०२४ को अन्तिम महिनामा २०० जना र २०२५ को मे महिनामा ३०० जना कृषकहरूलाई उन्नत किसिमका उच्च गुणस्तरीय बीउहरू वितरण गरिएको छ। यसले कृषकहरूको आय स्तरमा पनि सुधार ल्याउने लक्ष्य राखि उत्पादनमा



पर्याप्त वृद्धि गर्ने अपेक्षा राखिएको छ, साथै कृषकहरूको आय स्तरमा पनि सुधार ल्याउने लक्ष्य राखिएको छ । यस को सफलताका लागि प्रविधि सम्बन्धी जानकारी र क्षमता विकासमा विशेष जोड दिइएको छ। कृषकहरूलाई नयाँ नयाँ बीउ प्रजातिहरूको वैज्ञानिक विधिबारे तालिम दिइएको छ, जसले गर्दा उनीहरूले आधुनिक तरिकाले खेती गर्न सकुन् साथै, कृषकहरूको सामूहिक शक्तिलाई कायम गर्नका लागि समूहमा सँगठित गरिएको छ, यसरी बीउ सहयोग कार्यक्रमले कृषकहरूको उत्पादनशीलता र आर्थिक अवस्थामा ठूलो फरक पार्न सक्ने देखिएकाले, २०२५ को अन्तिम त्रैमासमा अकी ३०० जना कृषकहरूलाई यस्तै सहयोग पुर्याउने योजना बनाइएको छ। यसले केवल कृषकहरूको जीवनस्तर उकास्ने छ,र साथै क्षेत्रमा दिगो कृषि पद्धतिहरूको प्रवर्धन गर्ने, राष्ट्रिय खाद्य सुरक्षामा योगदान पुर्याउने र ग्रामीण अर्थतन्त्रलाई मजबूत बनाउने दीर्घकालीन लक्ष्यहरू पूरा गर्ने विश्वास गरिएको छ । यस कार्यक्रमले कृषक समुदायलाई सशक्त बनाउँदै कृषि क्षेत्रको समग्र विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा राखिएको छ ।



२.३.८ कृषकलाई कृषी सामाग्री बितरण :

परियोजनाको कार्यक्षेत्रमा प्राकृतिक खेतीका सिद्धान्तहरूको पालना गर्दै विभिन्न ५२ जना कृषकहरूलाई योजनाबद्ध रूपमा समावेश गरिएको थियो । तर व्यवहारमा ८२ जना कृषकहरूलाई सहयोग पुर्याइएको छ जसले परियोजनाको प्रभावकारिता र जनआकांक्षालाई ध्यानमा राखेर गरिएको कार्य देखिन्छ । प्राकृतिक खेती तालिम कार्यक्रमको अन्तर्गत जुन महिना२०२५मा आयोजना गरिएको बितरण कार्यक्रममा कृषकहरूलाई हेल स्टोन नेट, टनेल, ड्रम, पाइप, स्प्रेयर लगायतका आवश्यक कृषि सामग्रीहरू उपलब्ध गराइएको थियो। यस कार्यक्रममा वडा अध्यक्ष तथा अन्य सामाजिक व्यक्तिहरूको उपस्थितिले कार्यक्रमलाई अझै बढी प्रभावशाली बनाएको थियो ।

यस कार्यक्रमले कृषकहरूको क्षमता अभिवृद्धि गरेको छ, र प्राकृतिक खेती प्रवर्धनको लागि आवश्यक सामग्री उपलब्ध गराएर टिकाउ कृषि अभ्यासलाई प्रोत्साहन दिएको छ । कृषकहरूले प्राप्त गरेका यी सामग्रीहरूले उनीहरूको उत्पादन लागत घटाउन मद्दत गर्नेछ भने प्राकृतिक विधिबाट उत्पादन गरिएका फलफूल तरकारीको गुणस्तर र मात्रा दुबैमा सुधार आउने अपेक्षा छ । स्थानीय नेतृत्वको सहभागिताले यस कार्यक्रमलाई स्थानीय स्तरमा अझै बढी स्वीकार्य बनाएको छ र भविष्यमा यस्ता कार्यक्रमहरू विस्तारै अरू क्षेत्रहरूमा पनि लागू गर्ने योजना छ। यसरी प्राकृतिक खेतीलाई बढावा दिँदै कृषकहरूको आर्थिक सशक्तिकरण गर्ने र पर्यावरणमैत्री कृषि पद्धतिहरू प्रवर्द्धन गर्ने दिशामा यो परियोजनाले ठूलो योगदान पुर्याउने देखिन्छ ।

२.३.९ बजार संयोजक समन्वय बैठक:

प्राकृतिक खेतीका उत्पादनहरूलाई बजारसँग जोड्ने उद्देश्यले बजार संयोजक समन्वय बैठक आयोजना गरिएको थियो । यस बैठकमा किसान व्यापारी, वडा प्रतिनिधि, स्थानीय बजार संयोजक, तथा प्राकृतिक खेतीका विशेषज्ञहरू सहभागी भएका बैठकमा माछापुच्छ्रे गाउँपालिकाको मर्दी बराह सहकारीमा आधारित गरी प्राकृतिक खेतीका उत्पादनहरूको विवरण, मूल्य निर्धारण र बजार पहुँच बढाउने योजना बनाइएको थियो ।

यस अन्तर्गत, प्राकृतिक खेतीका उत्पादनहरू (जैविक तरकारी, अन्न, फलफूल, जडीबुटी, इत्यादि) लाई स्थानीय तथा क्षेत्रीय बजारमा प्रभावकारी रूपमा बिक्री गर्ने रणनीति छलफल गरिएको थियो । बैठकले सहकारी मार्फत उत्पादन संकलन गरी बजारमा पठाउने, गुणस्तर नियन्त्रण, प्याकेजिङ, र लगानीकर्तालाई प्रत्यक्ष जडान गर्ने योजना बनाएर यसलाई २०२५ को कार्य योजनामा समावेश गरिएको छ। यसले ग्रामीण कृषकहरूलाई न्यायोचित मूल्य प्राप्त गर्न मद्दत गर्नेछ भने प्राकृतिक खेतीलाई आर्थिक रूपमा लाभकारी बनाउने लक्ष्य राखिएको छ। यो बैठकले स्थानीय उत्पादन, सहकारी संकलन बजार संयोजनको दिशामा एक महत्त्वपूर्ण कदम चालिएको छ, जसले गर्दा प्राकृतिक खेती अब केवल परम्परागत पद्धति नभई आयमूलक व्यवसाय को रूपमा विकास हुने अपेक्षा छ। प्राकृतिक खेतीलाई बढावा दिन साना सिँचाई योजना अन्तर्गत माछापुच्छ्रे गाउँपालिका वडा नं. ९ मा २ वटा र अन्नपूर्ण गाउँपालिका वडा नं ७ मा १ वटा गरी जम्मा ३ वटा योजना सञ्चालनमा ल्याइएको छ। यस अन्तर्गत प्रत्येक योजनामा ५ हजार लिटर र ३ हजार लिटर क्षमताको ट्याङ्की, पाइप लाइन र अन्य आवश्यक सामग्री परियोजनाले उपलब्ध गराएको छ। यी साना सिँचाई प्रणालीहरूले स्थानीय कृषकहरूलाई सुख्खा मौसममा पनि प्राकृतिक खेती गर्न सहज बनाउनेछ, जसले गर्दा जैविक तरकारी, फलफूल र अन्य बालीहरू निरन्तर रूपमा उत्पादन गर्न सक्नेछन् ।

यस पहलले पानीको उपयोगी प्रबन्धन, माटोको उर्वरा शक्ति संरक्षण र स्थानीय कृषकहरूको आय वृद्धि गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा छ । परियोजनाले यी योजनाहरू सफलतापूर्वक कार्यान्वयन गरी प्राकृतिक खेतीलाई दीर्घ रूपमा विकास गर्ने लक्ष्य राखेको छ ।

२.३.१० सहकारी संस्थालाई कार्यालय उपकरण र फर्निचर सहयोग:

परियोजनाले सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि तथा कार्यालय व्यवस्थापनका लागि परियोजनाको २०२५ को वार्षिक योजना अन्तर्गत कान्छी बराह, तोल्का, तोगी लम्तरी र मिजुरे मिलन सहकारीहरूलाई आवश्यक कार्यालय उपकरण तथा फर्निचर सहयोग उपलब्ध गरेको छ । यस अन्तर्गत प्रत्येक सहकारीलाई स्टिल दराज, फाइल र्याक, कार्यालय टेबल, घुम्ने कुर्सी (रिभोल्भिङ चेयर), गम्छा कुर्सी लगायतका कार्यालय सामग्री उपलब्ध भएको छ। जसले गर्दा सहकारीको दैनिक कार्यसंचालन अझै पारदर्शी, सुव्यवस्थित बन्ने अपेक्षा राखिएको छ। यो सहयोगले विशेष गरी सहकारीका कर्मचारी तथा प्रशासकीय व्यक्तिहरूको कार्यस्थल सुविधाजनक बनाउँदै दस्तावेज व्यवस्थापन, सदस्य सेवा र आन्तरिक कार्य प्रणालीलाई व्यवस्थित गर्न महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।



३.१ स्थानीय सरोकारवालाहरूको समन्वय, अनुगमत तथा मुल्याङ्कन र समाजिक परीक्षण:

स्थानीय सरकार सल्लाहकार समिति बैठक पौष २०८१ मा कास्कीको मादी, माछापुच्छ्रे र अन्नपूर्ण गाउँपालिकामा उक्त गाउँपालिकाक अध्यक्षहरूको

सहभागितामा आयोजना गरिएको थियो । बैठकको उद्देश्य परियोजनाले सन् २०२४ मा गरेका कार्यक्रमहरूको प्रतिक्रिया र सुझावहरू सङ्कलन गर्नु थियो जसले गर्दा कार्यक्रमको दक्षता सुधार गर्नु र सम्बन्धित पालिकाहरूसँग राम्रो सहकार्यलाई बढावा दिनु थियो । बैठकमा आगामी परियोजनाले सामुदायिक विकासमा निकै नै टेवा पुऱ्याएको र पालिकाले समेट्न नसकेको क्षेत्रहरू जस्तै स्मार्ट बोर्ड सहयोग, बालबालिकाहरूका लागि क्षमता विकास तालिम तथा सामग्री सहयोग, स्वास्थ्य संस्थाहरूमा सामग्री सहयोग, प्राकृतिक खेती तालिम जस्ता विषयवस्तुहरूलाई समेटिएको कुरा अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णु बहादुर के.सी.ले व्यक्त गर्नुभयो ।

परियोजनाका कार्यक्रमहरूको प्रभावकारिता र दक्षता बढाउन, साथै सरोकारवालाहरू र लाभाथीहरूबाट प्रतिक्रिया र सुझावहरू सङ्कलन गर्न, परियोजनाले पुषको पहिलो डिसेम्बर २०२४ को अन्तिम हप्तामा मादी गा.पा. १० र मादी गा.पा. ११ को वडा कार्यालयहरूमा दुई सामाजिक लेखापरीक्षण कार्यक्रम कार्यक्रमहरू सञ्चालन गरियो । बाह्य लेखापरीक्षकलाई सुरुमा सामाजिक लेखापरीक्षण दिशानिर्देश र तयारीमा उन्मुख गरिएको थियो, र त्यसपछि तदानुसार निष्कर्षहरू प्रस्तुत गरिएको थियो । दुई कार्यक्रमहरूबाट प्राप्त प्रमुख प्रतिक्रियाहरूमा सुधारिएको बजेट सहकार्य, पालिकाहरूसँग राम्रो समन्वय र समर्थित सामग्रीहरूको दिगोपन सुनिश्चित गर्ने आवश्यकता समावेश थियो। थप रूपमा, विद्यालय, सहकारी, स्वास्थ्य सुविधाहरू र बाल क्लबहरूसँगको अनुगमन गतिविधिहरू व्यापक समुदायमा विस्तार गर्न सिफारिस गरिएको थियो ।



समुदायमा आधारित झोलुङ्गे पुल निर्माण कार्यक्रम

१. **परिचय:**

नेपाल सरकार तथा स्वीस सरकारको बीच भएको सम्झौता अन्तर्गत सामुदायिक झोलुङ्गे पुल निर्माण एवंम मर्मत एक मुख्य कार्यक्रमको रुपमा रहेको छ । नेपाल सरकारको तर्फबाट स्थानीय विकास मन्त्रालय अन्तर्गत (डोलीडार) स्थानिय पुल शाखा तथा स्वीस सरकार विकास सहयोगकातर्फ बाट हेल्भेटासको Trail Bridge Suport Unit (TBSU) कार्यक्रमको सञ्चालन एवंम समन्वय गर्ने निकायको रुपमा रहेको थियो । हाल हेल्भेटास Trail Bridge Suport Unit (TBSU) को लक्ष्य प्राप्ती सँगै नेपाल सरकारले यस कार्यक्रमलाई मुख्य कार्यक्रममा लिएर प्रदेश स्तरमा पुर्वाधार निर्देशनालयको मातहतमा (PTAP) ले यस कार्यक्रमको सञ्चालन एवम् समन्वय गर्ने निकायका भुमिकामा छ । सामुदायिक झोलुङ्गे पुल कार्यक्रमको थालनी नेपालमा वि.स. २०४५ सालमा भएको थियो । कार्यक्रमको निरन्तरता एवम् दिगोपनको लागि स्थानिय स्तरमा सामुदायिक झोलुङ्गे पुल निमार्ण तथा बृहत मर्मत कार्य साथै क्षमता अभिबृद्धि गर्ने कार्यमा गैरसरकारी संस्थाको महत्वपूर्ण योगदान रहने गर्दछ ।



यस कुरालाई मध्यनजर गरी वि.स. २०७२ सालमा स्थानीय पुल कार्यक्रम र तत्कालिन जिल्ला विकास समिति कास्कीको संयुक्त निर्णयबाट नौलो घुम्ती नेपाललाई विधिवत रुपमा झोलुङ्गे पुल निर्माण कार्यको प्राविधिक तथा सामाजिक परिचालनमा सहयोगको जिम्मा पाएको थियो । हालको संघिय संरचना अनुसार उक्त कार्यक्रम स्थानिय निकायमा गाभिए सँगै कास्की र मनाङ जिल्ला भित्र रहेका क्रमशः रुपा गाँउपालिका, माछापुच्छ्रे गाँउपालिका, मादी गाँउपालिका, अन्नपूर्ण गाँउपालिका, पोखरा महाँनगरपालिका, नासाँ गाँउपालिका, चामे गाँउपालिका र नार्पा भूमि गाँउपालिकासँग यो कार्यक्रम निरन्तर रूपमा चलीरहेको छ ।

२. **कार्यक्रमको उदेश्य:**

यस कार्यक्रमको मुख्य उदेश्य आधा घाण्टाभन्दा बढिको फेरो लगाउनु नपर्ने गरी झोलुङ्गे पुलको निर्माण तथा मर्मत गरी स्थानीय जनतालाई नदी खोला तर्न सुरक्षित तथा भरपर्दो यातायातको सुविधा उपलब्ध गराई हाट/बजार, आधारभुत सेवा (स्वास्थ्य, विधायलय, प्रशासनिक सेवा केन्द्र, पर्यटन प्रबर्धन,सम्बृद्धि आदि) सामाजिक र सांस्कृतिक केन्द्रहरूमा पहुँच सुनिश्चित गराउनु रहेको छ ।

यस कार्यक्रमले समुदायलाई सँगठित गरी विकास निर्माण कार्यमा अभिप्रेरित गर्नेछ र साथै स्थानिय स्तरमा ज्ञान र शीपमा अभिबृद्धि गर्नेछ । झोलुङ्गे पुल निमार्ण कार्यले स्थानीय जनस्तरमा रोजगारी समेत उपलब्ध गराउने छ । यस कार्यक्रमले गरिवी निवारणमा टेवा पुचाउने अपेक्षा राखेको छ ।

३. **समुदायमा आधारित झोलुङ्गे पुल निमार्ण कार्यक्रमका मुख्य उपलब्धीहरू:**

- गत आर्थिक वर्ष २०८०/२०८१ सम्ममा ६४ वटा र यस आर्थिक वर्ष २०८१/२०८२ मा ९ वटा गरी हालसम्म ७३ झोलुङ्गे पुलहरू निर्माण सम्पन्न भएको छ ।

- हाल कास्कीमा २ वटा र मनाङमा २ वटा झोलुङ्गे पुलहरू निर्माणाधीन अवस्थामा रहेको छ। साथै अन्य झोलुङ्गे पुलहरूको सर्भे तथा डिजाईन तयार गर्ने काम भैरहेको छ।
- निर्माण सम्पन्न भएका झोलुङ्गे पुलहरूको नियमित मर्मत सम्भार लागि पुल हेरालो नियुक्ति भएको छ।

यस आर्थिक बर्षमा सम्पन्न पुलहरूको विवरण:

क्र.सं.	पुलको नाम	लम्बाई	स्थान
१	किरुञ्जे नेरगु झोलुङ्गे पुल	११९ मि.	अन्नपूर्ण गा.पा.-११ नेरगु, कास्की
२	घट्टे खोला झोलुङ्गे पुल	६० मि.	अन्नपूर्ण गा.पा.-७ तोल्का, कास्की
३	काली खोला सेती दोभान झोलुङ्गे पुल	१०१ मि.	पोखरा मा.न.पा.-१६, २० काली खोला, कास्की
४	भुर्जुङ खोला ट्रस पुल	३२ मि.	पोखरा मा.न.पा.-१९ भुर्जुङ खोला, कास्की
५	अलैचे सुरौदी खोला झोलुङ्गे पुल	१०९ मि.	पोखरा मा.न.पा.-२१ सुरौदी खोला, कास्की
६	रिङ्चिङ ची ट्रस पुल	३२ मि.	नार्पा भूमि गा.पा.-४ रिङ्चिङ ची, मनाङ
७	वागल खोला झोलुङ्गे पुल	१०५ मि.	नार्पा भूमि गा.पा.-४ फु गाउँ, मनाङ
८	सिरान ताल झोलुङ्गे पुल	१२० मि.	नासोँ गा.पा.-१ ताल, मनाङ
९	मनास्लु बेसक्याम्प झोलुङ्गे पुल	११७ मि.	नासोँ गा.पा.-७ मिलेरेपा, मनाङ

परियोजनाले हाल सम्म समुदायमा आधारित झोलुङ्गे पुल निर्माण कार्यक्रमबाट पालिकाहरूमा निर्माण सम्पन्न भएका पुलहरूको संख्या:

क्र.सं.	जिल्ला	पालिका	निर्माण सम्पन्न पुल संख्या	कैफियत
१	कास्की	अन्नपूर्ण गाउँपालिका, कास्की	१७ वटा	
		माछापुच्छ्रे गाउँपालिका,कास्की	८ वटा	
		मादी गाउँपालिका,कास्की	१८ वटा	
		पोखरा महानगरपालिका,कास्की	१७ वटा	
		रुपा गाउँपालिका, कास्की	६ वटा	
२	मनाङ	चामे गाउँपालिका,मनाङ	२ वटा	
		नासोँ गाउँपालिका,मनाङ	३ वटा	
		नार्पा भूमि गाउँपालिका,मनाङ	२ वटा	
जम्मा		**७३ वटा**		

यस आर्थिक बर्षमा निर्माणाधीन अवस्थामा रहेका पुलहरूको विवरण:

क्र.सं.	पुलको नाम	लम्बाई	स्थान
१	डो कुलुङ झोलुङ्गे पुल	१११ मि.	नार्पाभूमि गा.पा.-५ डो कुलुङ, मनाङ
२	काङ्चे खोला झोलुङ्गे पुल	७५ मि.	नार्पाभूमि गा.पा.-२ काङ्चे खोला
३	वार्दी खोला सिम्दु झोलुङ्गे पुल	१०९ मि.	मादी गा.पा.-१०, ८ वार्दी खोला
४	ज्याम्दु खोला झोलुङ्गे पुल	७७ मि.	मादी गा.पा.-७,३ ज्याम्दु खोला

आ.व. २०८२/८३ मा सर्भे तथा डिजाईन इस्टिमेसन तयार गर्ने पुलहरूको विवरण:

क्र.सं.	जिल्ला	पालिका	पुल संख्या	कैफियत
१	कास्की	अन्नपूर्ण गाउँपालिका, कास्की	१ वटा	
		माछापुच्छ्रे गाउँपालिका,कास्की	१ वटा	
		रुपा गाउँपालिका, कास्की	१ वटा	
२	मनाङ	चामे गाउँपालिका,मनाङ	२ वटा	
		नासाँ गाउँपालिका,मनाङ	१ वटा	
		नार्पा भूमि गाउँपालिका,मनाङ	२ वटा	
जम्मा		**८ वटा**		

४. अन्य नियमित गतिविधी तथा क्रियाकलाप

- वार्षिक योजना तर्जुमा
- विस्तृत सर्वेक्षण
- डिजाइन तथा लागत अनुमान
- पालिका तथा उ.स. बीच सम्झौता
- प्राविधिक सहयोग
- प्रगति प्रतिवेदन
- पुल मर्मत सम्भार समितिको गठन
- सार्वजनिक सुनुवाई, सार्वजनिक समीक्षा, सार्वजनिक लेखापरीक्षण

५. चुनौतीहरू:

- सम्बन्धित निकाय गाँउपालिका, नगरपालिका तथा महानगरपालिकाबाट बजेट व्यवस्थापन नहुनाले निर्माण कार्यमा ढिलाई हुनु ।
- सम्बन्धित जग्गा धनिबाट पुल निर्माणको लागि मन्जुरीनामा दिएपनि पुल निर्माणको क्रममा अनबश्यक दु:ख दिनु ।
- सम्बन्धित निकाय झोलुङ्गे पुल निर्माण कार्यक्रमबाट उचित बजेट व्यवस्थापन नहुनाले निर्माण कार्यमा ढिलाई हुनु ।
- निर्माण समिति गठन गर्दा समावेशीताको भौगोलिक आधारमा गरिने हुँदा निश्चित समयमा बैठक बोलाउँदा उपस्थित कम हुने गरेको ।
- मनाङ तथा कास्कीका कतीपय साइटहरू दुर्गम र अपेक्षाकृत ठाउँमा रहेकाले साइटहरू जान पौदलनै जानुपर्न र अधिक समय लाग्ने ।

६. यस आर्थिक बर्षमा सम्पन्न पुलहरू तस्वीरमा:



किरुञ्जे नेरगु झोलुङ्गे पुल अन्नपुर्ण गा.पा.-११
नेरगु, कास्की



घट्टे खोला झोलुङ्गे पुल अन्नपूर्ण गा.पा.-७
तोल्का, कास्की



काली खोला सेती दोभान झोलुङ्गे पुल
पोखरा मा.न.पा.-१६,२० काली खोला, कास्की



भुर्जुङ खोला ट्रस पुल पोखरा मा.न.पा.-१९
भुर्जुङ खोला, कास्की



अलैचे सुरौदी खोला झोलुङ्गे पुल
पोखरा मा.न.पा.-२१ सुरौदी खोला, कास्की



रिङ्चिङ ची ट्रस पुल नार्पा भूमि गा.पा.-४
रिङ्चिङ ची, मनाङ



वागल खोला झोलुङ्गे पुल नार्पा भूमि गा.पा.-४
फु गाउँ, मनाङ



सिरान ताल झोलुङ्गे पुल नासाँ गा.पा.-१
ताल, मनाङ



मनास्लु बेसक्याम्प झोलुङ्गे पुल नासाँ गा.पा.-७
मिलेरेपा, मनाङ



सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखापरीक्षण सिरान ताल झोलुङ्गे पुल नासाँ गा.पा.-१ ताल, मनाङ

एचआईभी रोकथाम, हेरचाह, सहयोग, तथा उपचार सेवा कार्यक्रम

परिचय

नौलो घुम्ती नेपालले महिला यौनकर्मी, तिनका ग्राहकहरू, समलिङ्गी पुरुषहरू, पुरुष यौनकर्मीहरू, तेस्रोलिङ्गी व्यक्तिहरू र एचआभी संक्रमितहरूलाई लक्षित गरी इपिक नेपाल परियोजना (EpiC Nepal Project) अन्तर्गत एचआइभी रोकथाम, हेरचाह, सहयोग तथा उपचार कार्यक्रम मार्फत सन २०२० अक्टोवरदेखि सेवा दिई कार्यक्रम कास्की र तनहुँ जिल्लामा कार्यान्वयन गर्दै आइरहेको छ।

यूएनएडस (UNAIDS) र नेपाल सरकार ले लिएको २०३० सम्ममा ९५-९५-९५ महत्वाकांक्षी लक्ष्यलाई नेपालले पनि पूरा गर्ने प्रतिवद्धता जाहेर गरेको छ। साथै सोही अनुरुप राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रले पनि त्यही अनुरुप २०२१ बाट २०२६ सम्मको लागि राष्ट्रिय एचआईभी रणनैतिक योजना बनाएर यही महत्वाकांक्षी लक्ष्य प्राप्तिका लागि काम गरिरहेको छ।

सरकारले लिएको यस लक्ष्यलाई पूरा गर्न स्थानीय स्तरबाट हरेकको सहयोग चाहिन्छ। यसै अनुरुप नौलो घुम्ती नेपालले कास्कीबाट हातेमालो गरिहेको छ। काम गर्ने दौरानमा सरकारी निकाय तथा जिल्लामा कार्यरत अन्य संघसस्थासँग समन्वय गरी एचआइभी संक्रमणको न्यूनिकरणको काममा २००२ देखि नै काम गरिरहेको अवस्था छ। हाल इपिक नेपाल परियोजना मार्फत एचआइभीको जोखिममा रहेका समुदाय महिला र पुरुषहरूलाई लक्षित गरी विभिन्न कार्यक्रमहरू गरिरहेको छ। उनीहरूलाई एचआईभी सम्बन्धी परामर्श तथा रक्त परीक्षण, यौनरोग परीक्षण तथा उपचार र एचआईभी संक्रमितहरूको लागि आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराईरहेको छ साथै क्लिनिकबाट एचआईभी संक्रमण पत्ता लागेकाहरूलाई उपचारमा ल्याउनको लागि ART साईटमा PEER Navigator को साथमा पठाउने गरिएको छ।

यस परियोजनाको प्रमुख उद्देश्य एचआईभी रोकथामको लागि जोखिम समुहहरूको (At Risk Population) पहिचान गरी एचआईभी परीक्षण गरी उपचारमा ल्याई संक्रमणलाई न्यूनिकरण गर्नुका साथै संक्रमितहरूलाई स्वस्थ जीवनयापनका लागि सहयोग पुऱ्याउनु रहेको छ। यस परियोजनाले तीनवटा परिणाम क्षेत्रमा काम गरिरहेको छ।
परिणाम क्षेत्र १: यसमा नौलो घुम्ती नेपालले नौलो बिहानी पोखरासँग सहकार्य गरी सिटी क्लिनिक (City clinic) संचालन गर्ने, एचआईभी परिक्षण, यौनरोग परीक्षण तथा उपचार, एचआइभी जाँचको क्रममा संक्रमित भेटिएकामा उनीहरूलाई उपचारको लागि एआरटी केन्द्रमा आवद्ध गराउनको लागि रेफर गर्ने तथा सँगै लिएर जाने, साथै उनीहरूलाई थप सहयोग तथा शिक्षाको लागि समुदाय हेरचाह मार्फत सेवा पुऱ्याउने रहेको छ।

यसका साथै परियोजनालाई सहजरुपले संचालन गर्न र दिगो बनाउनको लागि सरकारी निकाय तथा गैरसरकारी संस्था र मुख्य समुदायका नेटवर्कसँग आवद्ध समुदायमा आधारित संस्थाहरूसँग सहकार्य गरी काम गरिएको छ।

उपलब्धिहरू

यस परियोजना मार्फत सन् २०२४ जुलाई १६ देखि जुलाई १६, २०२५ सम्म सञ्चालित कार्यक्रमहरूको उपलब्धीहरूलाई प्रस्तुत गरिएको छ।

इपिक नेपाल परियोजनाका सूचकहरू (मुख्य उपलब्धीहरू) (आ. व. ०८१/०८२):

एचआईभी परामर्श तथा परिक्षण तथा यौन संक्रमण कार्यक्रमका सुचकहरू	जम्मा
एच.आई.भी. परीक्षण	५६३
एच.आई.भी. पोजेटिभ	३७
ए.आर.टी. उपचार	५३
यौनरोगको परीक्षण	२९६
यौन रोगको निदान र उपचार	४५
प्रेप रोकथाम उपचार	१०२
सामुदायिक हेरचाह	४१४

यस आ.व. मा भएका अन्य महत्वपुर्ण गतिबिधिहरू:



१. **३७ औं विश्व एड्स दिवस**

डिसेम्बर १, २०२४ का दिन पश्चिमाञ्चल क्षेत्रिय एचआईभि एड्स संजाल र जिल्ला जनस्वास्थ्य कार्यालयको संयुक्त पहलमा ३७ औं विश्व एड्स दिवस मनाईएको थियो । सो अवसरमा सचेतनामुलक ञ्याली, लेकसाइडको फुटपाथमा सुचना केन्द्र स्थापनाका साथै एचआईभीको जोखिममा रहेका समुदायमा नै फिल्डका कर्मचारीहरूले एचआईभी परीक्षण गरेका थिए । उक्त कार्यक्रममा नौलो घुम्ती नेपाल अन्तर्गत रहेका सबै परियोजनाहरूबाट सहभागिता जनाईएको थियो ।



२. **स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी कर्मचारी लागि भाईरल लोड परिक्षण Orientation**

गण्डकी प्रदेश स्थित Damauli Provincial Hospital मा कार्यरत सरकारी त्था गैर सरकारी संस्थाहरू सँगको समन्वय स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी कर्मचारी लागि भाईरल लोड परीक्षण Orientation अकटोबर २ ९, २०२४ मा सञ्चालन गरियो । त्यस तालिममा नौलो घुम्ती नेपालले इपिक नेपाल परियोजनाको जानकारी साथै एचआईभी संक्रमितहरूको लागि भाईरल लोड परीक्षण प्रक्रिया, नमुना भण्डरण, ढुवानी र सिडिफोर आदिका बारेमा छलफल गरिएको थियो ।

यस आ.व. २०८१/०८२ मा देखिएका प्रमुख समस्याहरू तथा समाधानका प्रयासहरू:

- ए आर टी निरन्तरता दिनका लागि सेवार्थीहरूलाई प्रोत्साहन र फलोअप, साथै घरैमा वा समुदायमा नै एआरभी औषधी वितरण,
- भाईरल लोड परीक्षणका निमित्त एआरटी साईट र दमौली अस्पताल सँगको नियमित छलफल बाट रगत संकलन कार्य गरिएको र हाल अस्पतालमा नै संकलन कार्य भईरहेको,

- एचआईभी संक्रमण पश्चात एआरटी शुरु गरेपछि विभिन्न कारणले एआरटी खुवाउन र निरन्तरतामा समस्या,
- समस्या समाधानका लागि १८० दिनको विशेष कार्य योजना मार्फत सेवार्थीहरूको फलोअप, निरन्तर भेटघाट तथा परामर्श,
- एचआईभीको क्षेत्रमा कार्यरत संघ संस्थाहरूको समन्वय र सहकार्यले एचआईभी संक्रमितहरू पत्ता लगाउन तथा एआरटी सेवामा आबद्ध गराउन सहज भएको ।

संस्थाको २३ औं वार्षिक साधारण सभा तथा १२ औं अधिवेशन:

मिति २०८१ असोज १८ गते **२३ औं वार्षिक साधारण सभा तथा १२ औं अधिवेशन** संस्थाका अध्यक्ष बद्रीविनोद खनालको अध्यक्षतामा जिल्ला समन्वय समिति कास्कीका प्रमुख श्री लिलाधर पौडेल ज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

बैठकहरू

गत वर्षमा संस्थाको कार्यसमितिको बैठक ९ पटक बसी विविध विषयमा छलफल एवम् निर्णय गरिएको छ । त्यसै गरी परियोजना व्यवस्थापन समितिको बैठक ३ पटक, सामुदायिक विकास कार्यक्रम व्यवस्थापन समिति २ पटक, विभागीय प्रमुखहरूको बैठक २ पटक, सम्पूर्ण कर्मचारीहरूको बैठक १ पटक कर्मचारी छनौट समिति, तथा परियोजनागत मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक बैठकहरू नियमित रूपमा सम्पन्न भएका छन् । यसै गरी खरीद समितिको बैठक, प्रस्ताव तयारी बैठक तथा अन्य उपसमितिका बैठकहरू आवश्यकता अनुसार सम्पन्न भएका छन ।

लेखा परीक्षण

आ.व. २०८१/०८२ को लेखा परीक्षण, साधारण सभाबाट नियुक्त चार्टड एकाउन्टेन्ट फर्म बिमल थापा एण्ड एशोसिएटबाट सम्पन्न गरी प्रतिवेदन पेश गर्नुभएको छ । जसको प्रतिवेदन यसै सभामा प्रस्तुत गरिएको छ ।

श्रम अडिट

आ.व. २०८१/०८२ को श्रम अडिट चार्टड एकाउन्टेन्ट फर्म बिमल थापा एण्ड एशोसिएटबाट सम्पन्न गरिएको छ ।

सामाजिक परीक्षण

आ.व. २०८०/८१ मा संस्थाद्वारा सञ्चालित सम्पूर्ण परियोजना सहित संस्थागत लेखा परीक्षण लेखा परीक्षक दिपेन्द्र श्रेष्ठ द्वारा सम्पन्न गरी संस्थाको **२३ औं वार्षिक साधारण सभा तथा १२ औं अधिवेशन** समक्ष प्रतिवेदन प्रस्तुत तथा छलफल गरिएको थियो भने यस आ.व. २०८१/८२ को सामाजिक परीक्षण सम्पन्न गरिएको छ । जसको प्रतिवेदन यसै साधारण सभामा प्रस्तुत गरिएको छ ।

सहभागिता

